CC-0. In Public Domain. Digitization by eGangotri

सद्दर्शनम्

प्रणेता

महर्षि रमण

Prof. Madhav Prasad Pandey Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सद्दर्शनम्

प्रणेता

रमणमहर्षि

अनुवादक

शंकरप्रसाद सत्याल

प्रकाशक

मेघनाथ उपाध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :
मेघनाथ उपाध्याय
गौरीघाट, काठमाडौं
फोन : ४७११४८

अनुवादक :
शंकरप्रसाद सत्याल
मंथली, रामेछाप

संस्करण :
प्रथम–२०५२, आश्विन

संख्या :
१००० प्रति

मूल्य : रु. २५।–

मुद्रक :
अभिव्यक्ति छापाखाना
मित्रपार्क, चाबहिल
फोन : ४७२६३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सद्दर्शनको सम्यग्-दर्शन

पशुहरूले पनि अनुभव गरेको आहार-निद्रा-भय आदि चार नैसर्गिक प्रकृतिदेखिन् माथ उठाएर मनुष्य-जीवनलाई यथार्थ लक्ष्यमा पुऱ्याउने हो भने, भौतिक परिवेश, भौतिक ज्ञान र भौतिक समृद्धिलाई नै तदर्थ पर्याप्त साधन सम्झनु मूर्खता हो। यो मूर्खता अद्यतन मानव-मानवमा मात्र सीमित छैन, अपितु राष्ट्रिय शिक्षा नीतिमै व्याप्त छ। अन्तःप्रकाश बेगर मनुष्य-जीवन पूर्ण हुँदैन। अन्तःप्रकाश विवेचनबाट प्राप्त हुन्छ, विवेचनमा निर्मलता ल्याउँछ अध्यात्म-विद्याले, जसलाई स्वयं भगवान् श्रीकृष्णचन्द्र भन्नु हुन्छ 'त्योंत मै हुँ', जस्तो- 'अध्यात्म-विद्या विद्यानाम्' (भ० गी० १०।३२)। अन्तःप्रकाशले अन्तस्तल मात्र प्रकाशित पार्ने होइन, बहिर्विकास अर्थात् भौतिक विकासलाई पनि दिशा-निर्देशन गर्दछ। अतएव यसले जीवनको बाहिरी र भित्री दुबै पाटालाई झलमल्याउँछ, अनि जीवन प्रष्ट र दीप्त हुन्छ। अन्तःप्रकाशी पुरुष लोकमा विशिष्ट पुरुष गनिन्छ, जो सांसारिक क्षेत्रमा कर्त्तव्याकर्त्तव्यको निष्पक्ष विवेकी, कर्त्तव्य कर्ममा निर्भीक कर्मठ र जीवन-बोधमा ऋषि हुन्छ।

यसैले श्रीरमण महर्षिबाट संप्रणीत 'सद्दर्शन' नामक आध्यात्मिक ग्रन्थको दर्शन-अध्ययन नै सम्यक् दर्शन लाग्नेको छ। महर्षिले द्राविड भाषामा लेख्नु भएको ग्रन्थ भए तापनि 'बासिष्ठ मुनि' ले मनोहर संस्कृतश्लोकहरूमा अनुवाद गर्नुभएकाले पढ्ने सौभाग्य प्राप्त भएको हो। अब ती श्लोकहरूको पनि अन्वय, शब्दार्थ र वाक्यार्थ छुट्ट्याएर सुन्दर, सरल शैलीमा मन्थली-रामेछाप निवासी श्री शङ्करप्रसाद सत्याल-साहित्य शास्त्रीले नेपालीमा टीका लेखिदिनु भएकाले सर्व साधारण नेपालीहरूलाई हृदयंगम गर्न साजलो भएको छ। अन्तःप्रकाशका निम्ति विवेचन सङ्गल्याउन यस्तै कृति हुनुपर्दछ र यस्तै कृतिको नेपालीमा अनुवाद पनि हुनुपर्दछ। यो सदाशय देशका उत्कृष्ट तहमा अवस्थित प्राज्ञिक निकायहरूका अधिकारीवर्गका उच्चमास्तष्कमा कस्तो जँच्ने हो! देशको सांस्कृतिक भविष्य यसैमा निर्भर छ। मलाई निश्चय छ कि सत्यालजीले गर्नु भएको यो व्याख्यात्मक अनुवाद प्रशंसनीय कार्य हो र जनहिताय हो। यसैले यस्ता साधुवृत्तलाई साधुवाद अर्पण गर्दछु।

क

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब अन्तःप्रकाश भएको र नभएको मनुष्य बारे श्रीरमण महर्षिको उक्तिको संस्कृत अनुवाद यहाँ हेरौं–

"देहात्मभावे ज्ञजडौ समानावेकस्य देहे हृदि दीप्त आत्मा।
आक्रम्य देहं च जगच्च पूर्णः परस्य मेयं तनुमात्रमात्मा।।"—१९

अर्थात्–शरीरलाई नै आत्मा ठाने, विद्वान र अपढ मूर्ख उस्तै हुन्। यस्तो नठान्ने विद्वान्को हृदयमा आत्मा सदा देदीप्यमान रहेको हुन्छ, जुन शरीर त के, विश्वलाई नै ढाकेर पूर्ण सर्वात्मक बनेको हुन्छ। मूर्खको चाहिं नाप्न सकिने शरीर मात्रै आत्मा हुन्छ, अर्थात् विद्वान्को आत्म-भाव असीमित हुन्छ, मूर्खको आफ्नै शरीरमा सीमित।

अर्को श्लोक–

"अज्ञस्य विज्ञस्य च विश्वमस्ति पूर्वस्य दृश्यं जगदेव सत्यम्।
परस्य दृश्याश्रयभूतमेकं सत्यं प्रपूर्णं प्रविभात्यरूपम्।।"—२०

अर्थात्–अज्ञानी र ज्ञानी दुवैको विश्व हो, तर अज्ञानी दृश्य जगत्लाई मात्र सत्य मान्दछ, जब कि ज्ञानी दृश्यजगत्को आधारभूत वा कारणीभूत एक अदृष्ट पूर्ण ब्रह्मलाई सत्य मान्दछ।

अहङ्कार गलित भएपछि 'अहम्' उदीयमान हुन्छ भन्नु हुन्छ महर्षि' जस्तो–

"गवेषणात् प्राप्य हृदन्तरं तत् पतेदहन्ता परिभुग्नशीर्षा।
अथाहमन्यत् स्फुरति प्रकृष्टं नाऽहङ्कृतिस्तत् परमेव पूर्णम्।।"-३२

अर्थात् हृदयमा खोजी गरेपछि खोजिएको वस्तु (ब्रह्म) पाएर अहंभाव नष्ट हुन्छ, तर त्यहाँ अर्को सर्वोत्तम 'अहम्' (ब्रह्म) फुर्छ, जुन त्यो अहङ्कार होइन, यो (अहम्) त परब्रह्म नै हो।

बन्धन र मोक्षबारे श्रीरमण भन्नु हुन्छ–

"बन्धत्वभावे सति मोक्ष चिन्ता बन्धस्तु कस्येति विचारणेन।
सिद्धे स्वयं स्वात्मनि नित्यमुक्ते क्व बन्धचिन्ता क्व च मोक्षचिन्ता।।"-४१

अर्थात्–बन्धनको भाव भएसम्म, मोक्ष (छुटकारा) को चिन्ता हुन्छ। तर विचार गरे कसलाई छ बन्धन ? नित्य मुक्त, सिद्ध आत्मा (आफू) मा न बन्धनको चिन्ता, न मोक्षको चिन्ता !

यस्तै बन्धन र मोक्षबारे रघुकुल-गुरु श्रीवसिष्ठ 'योग वासिष्ठ' ग्रन्थ (महारामायण) मा रामलाई उद्देश्य गरेर दशरथ-सभाका सभा-सद्हरूलाई भन्नु हुन्छ, जस्तो 'स्थिति प्रकरण' मा–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"श्रूयतां ज्ञानसर्वस्वं श्रुत्वा चैवाऽवधार्यताम् ।
भोगेच्छामात्रको बन्धस्तत्त्यागो मोक्ष उच्यते ।।" ३५।३

अर्थात्-सुन्नुहोस् ज्ञानको सर्वस्व, सुनेर पनि मनन गरी धारणा गर्नुहोस्, त्यो सर्वस्व के हो भने-विषय-भोगमा इच्छा हुनु नै जीवको बन्धन हो, त्यसको त्याग अर्थात त्यो नहुनु जीवको मोक्ष हो ।

"किमन्यैः शास्त्र सन्दर्भैः कियतामिदमेव तु ।
यद्यत्स्वाद्विह तत्सर्वं दृश्यतां विषवल्लिवत् ।।" ३५।४

अर्थात्-अन्य शास्त्रहरूको प्रसङ्ग किन ? यही गरे भइगयो नि ! के त ?- जुन जुन विषय मीठो लाग्छ अर्थात् जहाँ जहाँ मन रमाउँछ, ती सबलाई विषको आगो (ज्वाला) देखियोस् ।

"विषमा विषयाऽभोगाः प्रविचार्य पुनः पुनः ।
उपरिष्ठात् परित्यज्य सेव्यमानाः सुखावहाः ।।" ३५।५

अर्थात्-विना विचार विषयको अभोग अर्थात् त्याग गर्दा ती दुःखदायी हुन्छन्, तसर्थ बारंबार विचार गरेर क्रमैले अभ्यासद्वारा त्याग गर्दा अर्थात् आसक्ति नराखी सेवन गर्दा तिनै विषय सुखदायी हुन्छन् ।

"मनसोऽभ्युदयो नाशो मनोनाशो महोदयः ।
ज्ञमनो नाशमभ्येति मनोऽज्ञस्य विवर्धते ।।" ३५।१८

अर्थात् मनको उदय नाश हो र मनको नाश महान् उदय हो, प्रत्यगात्मा को लाभ हुने हुनाले । ज्ञानीको मन नाशिन्छ, अज्ञानीको बढ्छ ।

यिनै हुन् आध्यात्मिक चिन्तनहरू । यिनै-यिनै चिन्तनको आधार-मा श्रीरमणमहर्षिले 'सद्दर्शन' नामक ग्रन्थ लोकहिताय लेख्नु भएको बुझिन्छ ।

अन्तमा मुद्रकसँग शुद्ध मुद्रणार्थ प्रार्थना गर्दै, प्रकाशक श्रीमेत्रनाथ-मा धन्यवाद ज्ञापन गर्दै तथा च अनुवादक सत्यालजीलाई यस्ता ग्रन्थको रचना वा अनुवाद गर्न पुनः पुनः प्रेरणा आवोस् भन्न शुभाकांक्षा राख्तछु इत्यलम् ।

हरिः शरणम्

मिति भरतराज शर्मा 'मन्थलीय'
२०५२।४।१०
घट्टेकुला, डिल्लीबजार, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वोक्ति

मेरा अभिन्न मित्र श्रीमेघनाथ भट्टराई ज्यूले यो "सद् दर्शनम्" नामक ग्रन्थ मलाई दिँदै- "महर्षिरमण प्रणीत यो ग्रन्थ मुमुक्षुहरूको लागि अत्यन्त उपयोगी छ। नेपालीमा कुनै टीका छैन, गर्न सके संस्कृत नजान्ने जिज्ञासुहरूलाई पनि मद्दत हुँदो हो, प्रयास गरौं।" भन्नु भयो।

शिर निहुराएँ, सक्तिन भन्न सकिन। पुस्तक लिएर आद्योपान्त पढें। विषय वस्तुको गहिराइमा पुग्ने सामर्थ्य विहीन यो प्रापञ्चीलाई पनि महर्षिका वाणीले अति आकर्षण दियो, लेख्न थालें।

वेदान्तले प्रतिपादन गरेको दुःख निवृत्ति र मुक्ति सम्बन्धी विषयलाई यस ग्रन्थमा अति सरल ढङ्गले व्यक्त गरिएकोछ। महर्षि भन्नुहुन्छ –"आफ्नो उद्गम स्थलमा अहङ्कारलाई विलयन गरे पछि अन्य प्रपञ्चहरू आफैं विलाउँछन्।

यस्तो अहङ्कार विलीन गराएपछि उदाउँने उत्कृष्ट अहम् नै पूर्ण-ब्रह्म हो र परमार्थ-मुक्ति भनेको पनि त्यही नै हो, श्लोक ३२ र ४० ले स्पष्टचाएको छ। जुन ग्रन्थाध्ययनबाट अवगत भइहाल्दछ।

यसमा प्रतिपादन गरेको विषय वस्तुलाई पूर्ण रूपले जान्ने त उही परमात्मा नै हो। त्यसैले अर्जुन कृष्णलाई भन्नु हुन्छ- "स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम" गीता १०।१५ अर्थात् तपाई स्वयम् नै आफू-द्वारा आफूलाई जान्नु हुन्छ। अनि साधारण मानवले जान्नु कसरी? ईश्वरीय कृपा नै सर्वोपरि छ।

सम्पर्क विना कसैले कसैलाई बुझ्न सक्तैन। छद्मवेषीको कमी पनि यहाँ छैन। यो वैज्ञानिक युगसा सच्चा साधक र पूर्ण आत्मानुभवीव्यक्ति भेट्टाउन कठिन मात्र नभएर असम्भव जस्तै भैसकेकोछ।

तर पनि शून्य भने भएको छैन। सबैसँग लुकी-छिपी एकान्तको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोजी गर्दै आत्मानुसन्धान गरेर सत्यको अनुभव गर्ने गौरीघाट काठमाडौं निवासी श्री मेघनाथ उपाध्याय भट्टराई ज्यूलाई भेटेको छु। उहाँलाई म नजीकबाट चिन्दछु। जसबाट मैले यो ग्रन्थ अनुवादगर्ने सत्प्रेरणा पाएं। उहाँ जिज्ञासुहरूलाई आफ्ना अमूल्य अनुभवहरू हृदय खोलेर वितरण गर्नुहुन्छ। अतएव यत्किञ्चित् यसको मर्मज्ञ उहाँ ने भएको अनुभव गरेको छु।

महर्षिका गम्भीर ग्रन्थको यथाशक्य अर्थ बुझ्न सुगम होस् भन्ने धारणाले अन्वय, शब्दार्थ, वाक्यार्थ र सम्बन्ध समेत देखाएर सरल बनाउने प्रयास गरेकोछु। कयौं त्रुटि होलान्, ती सबै मेरा निजी हुन्। उपयोगी वस्तु सबै महर्षिका हुन्।

जे जस्तो भयो– आफ्नो बुद्धि र विद्या अनुसार गरेको हुँ। यो यौटा श्रद्धा सुमन विश्वपिता विश्वम्भरमा अर्पण गरेकोछु।

मूलकपी हेरी केही ठाउँमा संशोधनको सुझाव र महत्वपूर्ण मन्तव्य समेत दिनु भएकोमा श्रद्धेय कवि श्री भरतराज शर्मा 'मन्थलीय' ज्यूप्रति अत्यन्त ऋणी छु।

अनुवादक !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सद्दर्शनम्

ग्रन्थको आदिमा मङ्गला चरण गर्ने शिष्ट परम्परा अनुसार ग्रन्थकर्ता महर्षि–रमण स्मृति शब्दको उल्लेख गरेर ईश्वरस्मरणात्मक मङ्गला चरण गर्नु हुन्छ ।

श्लोकमा सद्ब्रह्म अनुभवगम्य हो, त्यसलाई हृदय-मा खोज्नु पर्ने विषय प्रश्नोत्तररूपले प्रतिपादन गरिएकोछ–

१

सत्प्रत्ययाः किंनु विहाय सन्तं ?
हृद्येष चिन्ता रहितो हृदाख्यः ।
कथं स्मराम स्तममेयमेकं-
तस्य स्मृति स्तत्र दृढैव निष्ठा ॥

अन्वयः–

सन्तम्, विहाय, सत्प्रत्ययाः, किम्नु, एषः, चिन्ता-रहितः, हृदाख्यः, हृदि (भवति) अमेयम्, एकम्, तम्, कथम्, स्मरामः, तत्र, दृढा, निष्ठा, एव, तस्य, स्मृतिः ।

शब्दार्थः–

सन्तम् = घटपटादिरूपले प्रत्यक्ष उपलब्ध भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यमान् वस्तुलाई, विहाय = छाडेर, सत्प्रत्ययाः = सत्यका अनुभवहरू, किम्नु = के हुन्छन् ? एषः = यो, चिन्तारहितः = विषय प्रपञ्चको चिन्ताबाट रहित भएको, हृदाख्यः = हृत् नाम गरिएको सद् वस्तुको प्रतीति, हृदि = हृदयमा (भवति = हुन्छ) अमेयम् = सर्वव्यापक, एकम् = अद्वैत, तम् = त्यो सद्वस्तुलाई, कथम् = कसरी, स्मरामः = संझौं ? तत्र = त्यस सद्वस्तुमा, दृढा = बलियो, निष्ठा = निष्ठा (स्थिति) नै, तस्य = त्यो सद् ब्रह्मको, स्मृतिः = संझना हो ।

वाक्यार्थः–

आँखाले देखिएका विद्यमान् वस्तुलाई छाडेर के अन्य सद् वस्तुको अनुभव हुन्छ र ? विषय प्रपञ्चबाट रहित भएको हृत् नाम गरिएको सत्य वस्तुको अनुभव हृदयमा हुन्छ । त्यो सर्वव्यापक सत्यवस्तुलाई संझने कसरी ? त्यसमा दृढ निष्ठा राख्नुनै त्यो सद्वस्तुको संझना हो ।

सम्बन्धः–

ज्ञान अनुभव गम्य एवं दृढनिष्ठा सिद्ध गरेर आत्म-समर्पित भक्तिको उपदेश यहाँ गरिएकोछ–

२

मृत्युञ्जयं मृत्यु भिया श्रितानां
महंमतिर्मृत्युमुपैति पूर्वम् ।
अथ स्वभावादमृतेषु तेषु,
कथं पुनर्मृत्यु धियोऽवकाशः ।।

अन्वयः–

मृत्युभिया, मृत्युञ्जयम्, आश्रितानाम्, अहंमतिः,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वम्, मृत्युम्, उपैति, अथ, स्वभावात्, अमृतेषु, तेषु, पुनः, मृत्यु धियः, अवकाशः, कथम् ।

शब्दार्थः -

मृत्युभिया = मृत्युको डरले, मृत्युञ्जयम् = मृत्युञ्जयी परमात्मालाई, आश्रितानाम् = आश्रय लिनेहरूको, अहंमतिः = अहम् (म) बुद्धि, पूर्वम् = पैलेनै, मृत्युम् = मृत्यु, उपैति = प्राप्त गर्दछ । अथ = अब, स्वभावात् = स्वभावैले, अमृतेषु = अमृतत्व प्राप्त गरेका, तेषु = तिनीहरूमा, पुनः = फेरि, मृत्युधियः = मृत्यु चिन्तनको, अवकाशः = मौका, कथम् = कसरी हुन्छ र ?

वाक्यार्थः -

मृत्युकोडरले मृत्युञ्जयी परमात्माको आश्रय लिने भक्तहरूको अहम् (म) बुद्धि पहिलै नै मर्दछ । अब स्वभावैले अमृतत्व प्राप्त गरेका ती भगवद् भक्तहरूमा मृत्युको कल्पना गर्ने मौका कसरी हुन्छ र ? अर्थात् हुँदैन ।

सम्बन्धः-

जीव, जगत् र ईश्वरलाई लिएर विचार उत्पन्न भएतापनि त्यसको अन्त अभेदमा वा अभिन्नतामा हुने विषय निर्दिष्ट गरिएको छ -

३

सर्वं निदानं जगतोऽमहश्च,
वाच्यः प्रभुः कश्चिदपारशक्तिः ।
चित्रेऽत्रलोक्यञ्च विलोकिता च,
पटः प्रकाशोऽप्यभवत् स एकः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वय:-

सर्वैः, जगतः, अहमश्च, निदानम्, कश्चित्, अपार शक्तिः, प्रभुः, वाच्यः, अत्र, चित्रे, लोक्यम्, विलोकिता च (अस्ति) पटः, प्रकाशः, अपि, सः, एकः, अभवत् ।

शब्दार्थ:-

सर्वैः = सबै सिद्धान्तवादीहरूले, जगतः = जगत्को र अहमश्च = जीवको पनि, निदानम् = मूलकारण, कश्चित् = कुनै, अपारशक्तिः = अपरम्पार शक्ति भएको, प्रभुः = ईश्वर, वाच्यः = भन्नु पर्ने हुन् । अत्र = यो, चित्रे = तस्वीरमा, लोक्यम् = देखिने जगत् (दृश्य) र विलोकिता = देख्ने (द्रष्टा) च = पनि {अस्ति = छ) पटः = वस्त्र अर्थात् दृश्य र प्रकाशः = उज्यालो अर्थात् द्रष्टा पनि, सः = त्यो, एकः = एक नै, अभवत् = भएकोछ अर्थात् दृश्य र द्रष्टा एक रूप हो ।

वाक्यार्थः-

सबै सिद्धान्तवादीहरूले जगत्को र जीवको मूल कारण कुनै अपरम्पार शक्ति भएको ईश्वरलाई स्वीकार्नु पर्दछ । त्यो तस्वीरमा दृश्य र द्रष्टा अर्थात् देखिने र देख्ने छन् । तर तस्वीरको आधार भएको वस्त्र र त्यसलाई देखाउने उज्यालो एउटै रूपमा छन् ।

सम्बन्धः-

अहंमतिले नै जीव, जगत् र ईश्वरको प्रतीति भएको हुँदा सो नष्ट भएपछि एकात्मक स्थिति नै रहने कुरा तलको श्लोकले देखाएको छ–

४

आरभ्यते जीव–जगत्–परात्म-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्वाभिधानेन मतं समस्तम् ।
इदं त्रयं यावदहंमतिः स्यात्
सर्वोत्तमाऽहंमति शून्य निष्ठा ।।

अन्वयः-

जीवजगत्परात्म तत्वाभिधानेन, समस्तम्, मतम्, आरभ्यते, यावत्, इदम्, त्रयम्, (प्रतीतिः, भवति, तावत्) अहंमतिः, स्यात्, अहंमति शून्य–निष्ठा, सर्वोत्तमा ।

शब्दार्थः-

जीव–जगत्परमात्म = तत्वाभिधानेन = जीव, जगत् र परमात्मा नामले, समस्तम् = सम्पूर्ण, मतम् = सिद्धान्त, आरभ्यते = आरम्भ गरिन्छ । यावत् = जवसम्मन्, इदम् = यो, त्रयम् = तीन अर्थात् जीव, जगत् र परमात्माको (प्रतीतिः = प्रतीति, भवति = हुन्छ, तावत् = तव सम्मन्) अहंमतिः = अहंकारमय बुद्धि, स्यात् = भइरहन्छ, अहंमति-शून्य निष्ठा = अहंकारमय बुद्धिले शून्य भएको, निष्ठा = निष्ठा अर्थात् स्थिति, सर्वोत्तमा = सवैभन्दा उत्तम हो ।

वाक्यार्थः-

जीव, जगत् र परमात्माको नामले सम्पूर्ण सिद्धान्त-हरू आरम्भ गरिन्छन् । तर यो तीन अर्थात् जीव, जगत् र ईश्वर अहम् (म) बुद्धि रहुञ्जेल प्रतीति भइरहन्छन् । त्यस-कारण अहंकारमय बुद्धिरहित निष्ठा अर्थात् स्थिति नै सर्वोत्तम हो ।

सम्बन्धः-

अहम् (म) बुद्धि नभएपछि जीव, जगत् र ईश्वर-मा अलग बुद्धि रहन्न । तब जगत् सत्य हो कि असत्य हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त ? यो शङ्का निवारणार्थ तलको श्लोक आरम्भ गरिन्छ–

५

सत्यं मृषा वा चिदिदं जडं वा
दुःखं सुखं वेति मुधा विवादः ।
अदृष्टलोका निरहं प्रतीति–
र्निष्ठाऽविकल्पा परमाऽखिलेष्टा ।।

अन्वयः–

इदम्, सत्यम् वा, मृषा, चित् वा, जडम्, दुःखम् वा, सुखम्, इति, विवादः, मुधा, निरहं प्रतीतिः, अदृष्टलोका, अविकल्पा, परमा, अखिला, निष्ठा, इष्टा ।

शब्दार्थः–

इदम् = यो जगत्, सत्यम् = साँचोछ, वा = अथवा मृषा = झूटोछ, चित् = चेतनशील छ, वा = अथवा, जडम् = चेतनहीनछ, सुखम् = सुखरूप छ, वा = अथवा, दुखम् = दुःखरूप छ, इति = यस्तो प्रकारको, विवादः = वाद-विवाद, मुधा = व्यर्थछ । निरहं प्रतीतिः = अहंकारको आश्रय नलिकन विश्वास हुने, अदृष्टलोका = अलौकिक, अविकल्पा = विकल्परहित अर्थात् निर्द्वन्द, परमा = उत्कृष्ट, अखिला = पूर्ण, निष्ठा = निष्ठा (स्थिति) इष्टा = चाहिन्छ ।

वाक्यार्थः–

यो जगत् साँचो हो कि झूटो हो ? चेतनशील छ कि चेतनहीन छ ? दुःखमय छ कि सुखमय छ ? यस प्रकारको विवाद गर्नु व्यर्थ छ । किन कि अहंकारको आश्रय नलिईकन विश्वास हुने, अलौकिक, विकल्प रहित अर्थात् निर्द्वन्द, उत्कृष्टपूर्ण निष्ठा चाहिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धः-

जीव, जगत् र ईश्वरको सरूपता देहात्म-बुद्धिको खेल मात्र हो। अन्तमा द्रष्टा र दृश्यविहीन आत्मा मात्र छ। यही विषयलाई तल को श्लोक स्पष्टचाउँछ-

६

सरूप बुद्धिर्जगदीश्वरे च
सरूपधी रात्मनि यावदस्ति ।
अरूपआत्मा यदि कः प्रपश्येत्
सादृष्टिरेकाऽनवधि र्हि पूर्णा।।

अन्वयः-

यावद्, आत्मनि, सरूपधीः, अस्ति, (तावत्) जगत्, ईश्वरे च, सरूप बुद्धिः (भवति) यदि, आत्मा, अरूपः, कः, प्रपश्येत्, अनवधिः, सा, दृष्टिः, हि, पूर्णा।

शब्दार्थः-

यावत् = जबसम्म, आत्मनि = आत्मामा, सरूधीः = देहात्मबुद्धि, अस्ति = छ (तावत् = तबसम्म) जगत् = संसार र, ईश्वरे च = ईश्वरका विषयमा पनि, सरूप बुद्धिः = रूपवाला छ भन्ने बुद्धि रहन्छ। यदि = जब, आत्मा = आत्मा नै, अरूपः = रूप रहित छ [त्यसलाई] कः = को, प्रपश्येत् = देख्ला। अनवधिः = सर्वव्यापक, एका = एकाकार भएको अर्थात् दृक्-दृश्य व्यवहारविहीन भएको, दृष्टिः = चित्-स्वरूपिणी अनुभवगम्य दृष्टि, एका = अद्वितीय, हि = निश्चय नै, पूर्णा = आनन्द पूर्ण हो।

वाक्यार्थः-

जबसम्म आत्मामा रूपवान् हुँ भन्ने बुद्धि रहन्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तब सम्मन् जगत् र ईश्वरको विषयमा पनि यिनीहरू रूपवान् छन् भन्ने बुद्धि रहन्छ। जब आत्मा नै रूप रहित छ, त्यसलाई कसले देख्ने ? त्यसकारण सर्वव्यापक, चित् स्वरूपिणी अद्वितीय दृष्टि नै पूर्णानन्द हो।

सम्बन्धः-

पञ्चकोशात्मक शरीरको प्रतीति भएसम्म सन्सारको ज्ञान रहन्छ, निम्न श्लोकले यही देखाउँदछ-

७

यत्पञ्चकोशात्मक मस्ति देहं-
तदन्तरा किं भुवनं चकास्ति ?
देहं विना पञ्चविधं तदेतत्
पश्यन्ति के वा भुवनं ? भणन्तु ।।

अन्वयः-

यत्,, पञ्चकोशात्मकम्, देहम् अस्ति, तद्अन्तरा, किम्, भुवनम्, चकास्ति ? तद्, पञ्चविधम्, देहम्, विना, एतद् भुवनम्, के वा, पश्यन्ति ?, भणन्तु ?

शब्दार्थ -

यत् = जुन, पञ्चकोशात्मकम् = पञ्चकोशात्मक अर्थात् अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशहरूले व्याप्त भएको, देहम् = शरीर, अस्ति = छ, तद् = त्यो शरीरभन्दा, अन्तरा = बाहेक, किम् = के, भुवनम् = संसार, चकास्ति = चम्कन्छ ? तत् = त्यो, पञ्चविधम् = पञ्चकोशले ढाकिएको, देहम् = शरीर, विना = बाहेक, के वा = कसैले पनि, भुवनम् = संसारलाई, पश्यन्ति = देख्तछन् ?, भणन्तु = देख्ने भए भनून्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तात्पर्यार्थ:-

जुन पञ्चकोशात्मक अर्थात् अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमयकोशहरूले ढाकिएको शरीर छ। त्यो शरीर बाहेक संसार प्रकाशित हुन्छ र ? पञ्चकोशले व्याप्त भएको शरीर वाहेक के कसैले सन्सारलाई देख्न सक्छन् ? सक्छन् भने भनून् ।

सम्बन्ध:-

जीवले उपयोग गर्ने सम्पूर्ण जगत् मनोमय भएको कुरा तलको श्लोकले व्यक्त गर्दछ-

८

शब्दादि रूपं भुवनं समस्तं-
शब्दादि सत्तेन्द्रिय वृत्ति भास्या।
सत्तेन्द्रियाणां मनसो वशेस्या-
न्मनोमयं तद् भुवनं वदामः।

अन्वय:-

समस्तम् भुवनम्, शब्दादि रूपम्, शब्दादि सत्ता, इन्द्रिय वृत्ति भास्या, इन्द्रियाणाम्, सत्ता, मनसः, वशे, स्यात्, तद्, भुवनम्, मनोमयम्, वदामः ।

शब्दार्थ:-

समस्तम् = सारा, भुवनम् = संसार, शब्दादिरूपम् = शब्द, स्पर्श, रूप, रस र गन्ध-यी पाँचको रूप हो। शब्दादि सत्ता = शब्दादि तन्मात्राहरूको अस्तित्व, इन्द्रिय वृत्ति भास्या = इन्द्रियका वृत्तिहरूद्वारा प्रकाशित छन्। इन्द्रियाणाम् = ज्ञानेन्द्रिय अर्थात् कान, छाला, आँखा, जिब्रो र नाक- यी पाँचको, सत्ता = अस्तित्व, मनसः = मनको,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वश = अधीनमा, स्यात् = छ। तद् = त्यसकारण, भुवना = संसारलाई, मनोमयम् = मनले बनाएको, वदामः = भन्दछौं।

वाक्यार्थः-

यो संपूर्ण संसार शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँचको रूप हो। यिनै शब्दादि पञ्चतन्मात्राको अस्तित्व इन्द्रियहरूका वृत्तिद्वारा प्रकाशित छ। ज्ञानेन्द्रियहरू अर्थात् कान छाला, आँखा, जिब्रो र नाक यी पाँचको वस्तुस्थिति मनको अधीनछ। त्यसकारण संसारलाई मनोमय भन्दछौं।

सम्बन्धः-

यो संसार मनोवृत्तिको मूलवृत्ति अहं बुद्धिद्वारा प्रकाशित भएको तथ्य तलको श्लोकले पुष्टि गर्दछ-

९

धियासहोदेति धियाऽस्तमेति,
लोकस्ततोधी प्रतिभास्य एषः।
धीलोकजन्म क्षयधाम पूर्णं-
सद्वस्तु जन्म क्षय शून्य मेकम्॥

अन्वयः-

लोकः, धियासह, उदेति, धियासह, अस्तम्, एति, ततः, एषः, धी प्रतिभास्यः (भवति) धीलोकजन्म, क्षयधाम, पूर्णम्, एकम्, सद्वस्तु, जन्मक्षय शून्यम् (अस्ति)

शब्दार्थः-

लोकः = संसार, धियासह = मनोवृत्तिको मूलभूत अहं (म) बुद्धिसंगै, उदेति = उदाउँदछ, धियासह = उही अहं (म) बुद्धिसँगै, अस्तम् = अस्त, एति = प्राप्त हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अस्ताउँदछ) ततः = त्यसकारणले, एषः = यो संसार, धी-प्रतिभास्यः = अहं (म) बुद्धिद्वारा भासमान भएकोछ। धी-लोकजन्म = बुद्धिमा हुने लोकको उदय, क्षयधामपूर्णम् = मृत्यु पूर्णछ, एकम् = एक, सद्वस्तु = तिनै कालमा रहने चिद् ब्रह्म, जन्मक्षयशून्यम् = जन्म मृत्युले शून्य भएको (अस्ति = छ)

वाक्यार्थः-

यो संसार मनोवृत्तिको मूलभूत अहं (म) बुद्धिसँगै उदाउँदछ। उसैसँग अस्ताउँदछ। त्यसकारण यो संसार अहं बुद्धिद्वारा आभासित छ। अहं बुद्धिबाट जन्मिएको संसार मृत्युमय छ। त्यसो हुँदा जन्म मृत्यु नहुने, एक रस, तिनै कालमा रहने सद् ब्रह्म नै पूर्ण सत्य हो।

सम्बन्धः-

उदय र अस्त नहुने त्यो सद्वस्तुमा साधकको तादात्म्य निष्ठा हुनु नै 'सद्दर्शन' भएको कुरा तलको श्लोक-लें दर्शाउँदछ-

१०

भवन्तु सद्दर्शन - साधनानि
परस्य नामाकृतिभिः सपर्याः ।।
सद्वस्तुनि प्राप्ततदात्म भावा
निष्ठैव सद्दर्शन मित्यबेहि ।।

अन्वयः-

परस्य, नामाकृतिभिः, सपर्याः, सद्दर्शन साधनानि, भवन्तु, सद्वस्तुनि, प्राप्त तदात्म्यभावा, निष्ठा, एव, सद्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनम्, इति, अबेहि ।

शब्दार्थः-

परस्य = परमात्माको, नामाकृतिभिः = नामसं-कीर्तन र प्रतिमा पूजनद्वारा गरिएको सपर्याः = सेवा एवं आराधनाहरू, सद्दर्शनसाधनानि = ब्रह्मसाक्षात्कार गर्ने साधनहरू, भवन्तु = हुन् । सद्वस्तुनि = परब्रह्ममा, प्राप्त-तदात्म्यभावा = नाम संकीर्तन र मूर्ति पूजनका आश्रय भूत-ब्रह्ममा त्यहो ब्रह्म हुँ भन्ने भावको, निष्ठा = निष्ठा (स्थिति) एव = नै, सद्दर्शनम् = ब्रह्म साक्षात्कार, इति = यस्तो हो भनेर, अवेहि = जान ।

वाक्यार्थः-

भगवान्को नाम संकीर्तन र मूर्ति पूजनद्वारा गरि-एको आराधना एवं पूजाहरू ब्रह्म साक्षात्कार गर्ने साधनहरू हुन् । समस्त उपासनाको आश्रयीभूत परब्रह्ममा त्यो ब्रह्म म नै हुँ भन्ने भावको निष्ठा (स्थिति) हुनु नै ब्रह्मसाक्षात्कार भनेर जान ।

सम्बन्धः-

ब्रह्मको परिचय भएर पनि जिज्ञासुले साक्षात्कार कसरी गर्ने ? उपाय निम्न श्लोकले देखाएकोछ-

११

द्वन्द्वानि सर्वाण्यखिलास्त्रिपुट्यः
किञ्चित्समाश्रित्य विभान्तिवस्तु ।
तन्मार्गणे स्याद्गलितं समस्तं-
न पश्यतां सच्चलनं कदापि ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वयः-

सर्वाणि, द्वन्द्वानि अखिलाः, त्रिपुटयः, किञ्चित्, वस्तु, समाश्रित्य, विभान्ति, तन्मार्गणे (सति) समस्तम्, गलितम्, स्यात्, सच्चलनम्, कदापि, नपश्यताम् ।

शब्दार्थः-

सर्वाणि = सबै, द्वन्द्वानि = द्वन्द्व अर्थात् ज्ञान-अज्ञान, सुख-दुःख, जड-चेतन आदि, र अखिलाः = सम्पूर्ण, त्रिपुटयः = त्रिपुटीहरू अर्थात् द्रष्टा, दृश्य, दर्शन, ज्ञाता, ज्ञेय, ज्ञानहरू, किञ्चित् = केही, वस्तु = वस्तुलाई, आश्रित्य = आधार लिएर, विभान्ति = प्रकाशित हुन्छन् । तन्मार्गणे (सति) = त्यसको खोजि गरेमा, समस्तम् = सबै द्वन्द्व र त्रिपुटीहरू, गलितंस्यात् = गल्दछन् अर्थात् हराउँछन् । सच्चलनम् = सत्यवस्तु चलायमान हुन्छ भन्ने कुरा, कदापि = कैले पनि, नपश्यताम् = विचार नगरियोस् ।

वाक्यार्थः-

सबै ज्ञान-अज्ञान, सुख-दुःख, जड-चेतन आदि द्वन्द्व र समस्त ज्ञाता, ज्ञेय, ज्ञान आदि त्रिपुटीहरू केही वस्तु अर्थात् आश्रयीभूत अहंकारलाई समातेर प्रकाशित हुन्छन् । त्यो अहंकारको खोजि गरेपछि सबै द्वन्द्व र त्रिपुटीहरू गल्दै जान्छन् अर्थात् हराउँदछन् । सद्वस्तु चलायमान् हुन्छ भन्ने कुरा कैले पनि विचार नगरियोस् ।

सम्बन्धः-

तत्वानुसन्धानको अर्को बाटो बताइन्छ–

१२

विद्याकथंभाति न चेदविद्या,
विद्यांविना किं प्रविभात्यविद्या ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वयञ्चकस्येति विचार्य मूल-स्वरूपनिष्ठा परमार्थ - विद्या ।।

अन्वयः-

अविद्या, नचेद्, विद्या, कथम्, भाति, विद्याम्, विना, अविद्या, किम्, प्रविभाति, द्वयञ्च, कस्य, इति, विचार्य, मूल स्वरूप निष्ठा, परमार्थ-विद्या ।

शब्दार्थः -

अविद्या = अविद्या, न चेद् = यदि नभए, विद्या = विद्या, कथम् = कसरी, भाति = चम्कन्छ ?, विद्याम् = विद्या, विना = नभए, अविद्या = अविद्या, किम् = के, प्रविभाति = चम्किन्छ ? द्वयम् = यी दुवै विद्या र अविद्या अर्थात् ज्ञान र अज्ञान, कस्य = कसको लागि वा कसको आश्रित छन् ? इति = यस्तो, विचार्य = विचार गरेर, मूलस्वरूपनिष्ठा = मूल स्वरूपमा निष्ठा हुनु नै, परमार्थ विद्या = परमार्थ विद्या हो अर्थात् अनुभवात्मक ज्ञान हो ।

वाक्यार्थः-

यदि अविद्या नभए विद्या कसरी प्रकाशित हुन्छ ? विद्या नभए अविद्या पनि कसरी चम्किन्छ ? यी दुवै विद्या र अविद्या अर्थात् ज्ञान र अज्ञान कसको आश्रित छन् ? यसको मूल जरोको विचार गरेर आफ्नू मूल स्वरूपमा निष्ठा हुनु नै परमार्थ विद्या अर्थात् अनुभवात्मक ज्ञान हो ।

सम्बन्धः-

विद्या र अविद्याको मूल जरो खोजिगर्ने उपदेश दिएर त्यसभन्दा सूक्ष्म त्रिपुटी (ज्ञाता, ज्ञेय, ज्ञान) लाई नै सत्स्वरूपमा अभिन्न अनुभव गर्ने साधना बताइन्छ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोद्धार मात्मान मजानतो यो-
बोधः स किंस्यात्परमार्थ बोधः ।।
बोधस्य बोध्यस्य च संश्रयं स्वं-
बिजानतस्तद् द्वितयं विनश्येत् ।।

अन्वय.–

बोद्धारम्, आत्मानम्, अजानतः, यः, बोधः सः, किम्, परमार्थबोधः, स्यात्, बोधस्य, बोध्यस्य च, संश्रयम्, स्वम्, विजानतः, तद्द्वितयम्, विनश्येत् ।

शब्दार्थः–

बोद्धारम् = ज्ञाता स्वरूप, आत्मानम् = आत्मालाई अजानतः = नजान्नेको, यः = जुन, बोधः = ज्ञान हो, सः = त्यो, किम् = के, परमार्थ बोधः = परमार्थ ज्ञान, स्यात् = होला ? बोधस्य = ज्ञानको, र बोध्यस्य = ज्ञेयको पनि, संश्रयम् = आश्रय भएको, स्वम् = स्व-स्वरूपलाई, विजानतः = जान्नेको लागि, तत्द्वितयम् = तो दुई अर्थात् ज्ञान र ज्ञेय, विनश्येत् = रहदैनन् ।

वाक्यार्थः–

ज्ञाता स्वरूप आत्मालाई नजान्ने जुन ज्ञान हो, त्यो ज्ञानले के परमार्थ ज्ञान हुन्छ ? ज्ञाता र ज्ञेय अर्थात् जान्ने र जानिनेको पनि आश्रय भएको मूलभूत स्वस्वरूप जान्नेको लागि ती दुई अर्थात् ज्ञान ज्ञेय रहदैनन् ।

सम्बन्धः–

पदार्थ ज्ञान र अज्ञान भन्दा स्वस्वरूप ज्ञान विल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षण चिद् रूप हो भन्ने कुरालाई तलको श्लोकले प्रष्ट पार्दछ–

१४

निद्रा न विद्या ग्रहणं न विद्या
गृह्णाति किञ्चिन्न यथार्थबोधे ।
निद्रापदार्थ ग्रहणेतरा स्या–
च्चिदेव विद्या विल सन्त्यशून्या ॥

अन्वय:–

निद्रा, विद्या न, ग्रहण (ञ्च) विद्या न, यथार्थ बोधे, किञ्चित्, न गृह्णाति । निद्रा पदार्थ ग्रहणेतरा, विलसन्ती, चिद्, अशून्या, एव, विद्या, स्यात् ।

शब्दार्थ –

निद्रा = निद्रा (स्वप्न) विद्या = विद्या, न = होइन । ग्रहणम् (च) = पदार्थ ग्रहण रूपी ज्ञान पनि, विद्या = विद्या, न = होइन । यथार्थ बोधे = यथार्थ बोध अर्थात् स्वस्वरूपको ज्ञानमा, किञ्चित् = केही पनि, न गृह्णाति = ग्रहण हुँदैन । निद्रापदार्थग्रहणेतरा = निद्रा र पदार्थको ज्ञान गराउने विद्या भन्दा भिन्नै प्रकारको, विलसन्ती = प्रकाशमान्, चित् = चैतन्य स्वरूप, अशून्यैव = अभाव रहित नै, विद्या = यथार्थ विद्या, स्यात् = हो ।

वाक्यार्थ:-

निद्रा अर्थात् स्वप्न विद्या होइन । पदार्थबोध गराउने ज्ञान पनि विद्या होइन । यथार्थ बोध अर्थात् स्वस्वरूप ज्ञान भएपछि कुनै पदार्थको ग्रहण पनि हुन सक्तैन । निद्रा र पदार्थ ग्रहण गर्ने विद्या भन्दा फरक देदोप्यमान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभावरहित, शून्य चैतन्य स्वरूप नै विद्या हो ।

सम्बन्धः-

सुनको गहनाको दृष्टान्त दिएर सत्-चित् यौटैछ भन्ने विषय तलको श्लोकले स्पष्ट पार्दछ–

१५

सत्यश्चिदात्मा विविधाकृति श्चेद्–
सिद्धयेत्पृथक् सत्यचितो न भिन्ना ।
भूषा विकाराः किमु सन्ति सत्यं–
विना सुवर्णं पृथगत्र लोके ॥

अन्वयः-

चिदात्मा, सत्यः, चेद्, विविधाकृतिः (परन्तु) सत्यचितः, पृथक्, सिद्धेत्, भिन्ना न, अत्रलोके, भूषा-विकाराः, सुवर्णम्, बिना, पृथक्, सत्यम्, सन्ति ।

शब्दार्थः-

चिदात्मा = चैतन्य स्वरूप आत्मा, सत्यः = सद्रूप एउटैछ । चेद् = यदि, विविधाकृतिः = नाम रूपात्मक पदार्थ अनेक बोधित हुन्छन् (परन्तु = तर) सत्यचितः = ज्ञान स्वरूप सच्चैतन्य पदार्थ भन्दा, पृथक् = बेग्लै, सिद्धेत् = सिद्ध होला र ? भिन्ना न = नाम रूपात्मक पदार्थको अस्तित्व ज्ञान स्वरूप सद् भन्दा भिन्न रहन्न (पदार्थ स्वयं ज्ञान गर्न सक्तैन) अत्रलोके = यस लोकमा, भूषाविकाराः = सुनको विकार रूप गहनाहरू, सुवर्णम् = सुनलाई, विना = छाडेर, पृथक् = बेग्लै, सत्यम् = सत्य (अस्तित्व भएका) सन्ति = छन् ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्यार्थ :-

सत्स्वरूप आत्मा एउटै छ। यदि पदार्थ नाम रूपात्मक बोधित हुन्छन् तापनि त्यो पदार्थ ज्ञानको अस्तित्व सद् चित् ज्ञान भन्दा भिन्न रहन सक्तैन अर्थात् पदार्थ स्वयं ज्ञान गर्न सक्तैन। यस लोकमा सुनको विकार रूप गहनाहरू विभिन्न नाम रूपात्मक छन्। के ती गहनाहरू सुनलाई छाडेर बेग्लै गहनाको रूपमा मात्र साँचा हुन सक्छन्? (नाम रूपात्मक विभिन्न ज्ञान चित् ज्ञान भन्दा भिन्न होइन)

सम्बन्धः-

अहं विषयी हो। यसको मूल खोजी गर्न लायक छ। यही कुरा तलको श्लोकमा बताइन्छ-

१६

तद् युष्मदोरस्मदि संप्रतिष्ठा,
तस्मिन् विनष्टेऽस्मदि मूलबोधात्॥
तद्युस्मदस्मन्मति वर्जितैका
स्थितिर्ज्वलन्ती सहजाऽत्मनः स्यात्।

अन्वयः-

तद् युष्मदोः, अस्मदि, संप्रतिष्ठा, मूलबोधात्, तस्मिन्, अस्मदि, विनष्टे (सति) तद्, युष्मदस्मन्मति बर्जिता, आत्मनः, ज्वलन्ती, एका, सहजा, स्थितिः, स्यात्।

शब्दार्थः-

तद् युष्मदोः = त्यो र तिमी यी दुईको, अस्मदि = अहम् अर्थात् ममा, संप्रतिष्ठा = स्थितिछ। मूलबोधात् = अहंको मूलाश्रयी भूत आत्माको बोधबाट, तस्मिन् = त्यो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र योको आश्रय भएको, अस्मदि = अहंकार, विनष्टे (सति) विनाश भएपछि, तद् युष्मदस्मन्मतिवर्जिता = त्यो, र यो अहम् (म) नामक भेद बुद्धिले रहित भएको, आत्मनः = आत्माको, ज्वलन्ती = प्रकाश स्वरूप, एका = एक, सहजा = सहज, स्थितिः = स्थिति, स्यात् = सिद्ध हुन्छ।

वाक्यार्थः–

त्यो र तिमीको स्थिति अहम् (म) मा रहेकोछ। अहंको मूलाश्रयी भूत आत्माको बोध भएपछि त्यो र तिमीको आश्रय भएको अहंकार (म) नाश हुन्छ। त्यसपछि त्यो, यो र अहम् (म) नामक भेद बुद्धिले रहित भएको प्रकाश स्वरूप आत्माको एउटै सहज स्थिति सिद्ध हुन्छ।

सम्बन्धः–

काल तत्वको विचारले पनि सत्तत्व साक्षात्कार हुनसक्ने कुरा यस श्लोकमा वर्णितछ–

१७

भूतं भविष्यच्च भवत् स्वकाले,
तद्वर्तमानस्य विहाय तत्त्वम्।
हास्या न किंस्याद्गत भाविचर्चा,
विनैक संख्यां गणनैव लोके॥

अन्वयः–

भूतम्, भविष्यच्च, स्वकाले, भवत्, तद्, वर्तमानस्य, तत्त्वम्, विहाय, गत–भावि–चर्चा, लोके, एक संख्याम्, विना, गणनेव, हास्या, किम्, न स्यात्।

शब्दार्थः–

भूतम् = भूतकाल, र भविष्यच्च = भविष्यत् काल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि, स्वकाले = आफ्नू समयमा, भवत् = वर्तमान नै हो। तद् = त्यसकारण, वर्तमानस्य = वर्तमानकालको, तत्त्वम् = तत्त्व (वास्तविक स्थिति) लाई; विहाय = छाडेर, गत-भावि चर्चा = भूत र भविष्यत्कालको चर्चा गर्नु ता, लोके = लोकमा, एक संख्याम् = एक संख्याको गणनालाई, विना = छाडेर गणनेव = माथिल्लो संख्याको गणना गरे झैं, हास्या = हँस्सी, किम् = के, न स्यात् = न होला र ?

वाक्यार्थ:-

भूतकाल र भविष्यत् काल पनि आफ्नू समयमा वर्तमान नै हुन्। त्यसकारण वर्तमान कालको वास्तविक स्थितिलाई छाडेर भूत र भविष्यत् कालको चर्चागर्नु ता लोकमा एक संख्याको गणनालाई छाडेर माथिल्लो संख्याको गणना गरे झैं के हँस्सी न होला र ? (भूतको स्मृति र भविष्यत्को कल्पनालाई परित्याग गरेमा विषयाकार वृत्ति समाप्त हुन्छ)

सम्बन्ध:-

अहं बुद्धिले नै आत्मा देशकालावच्छिन्न भएको प्रतीत हुन्छ। त्यो अहं बुद्धिको जरो आत्मालाई जानेपछि देश कालत्व विनष्ट हुने कुरा तलको श्लोकले स्पष्टचाउँदछ–

१८

क्व भाति दिक्काल कथा विनास्मान्
दिक्काल लीलेह वपुर्वयञ्चेद्।
न क्वापिभामो न कदापिभामो–
वयन्तु सर्वत्र सदा च भासः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वयः-

अस्मान्, विना, दिक्काल कथा, क्व भाति, वयम्, वपुः, चेद्, इह, दिक्काल लीला (भवति) क्वापि, न भामः, कदापि, न भामः, वयम् तु, सर्वत्र, सदा च, भामः ।

शब्दार्थः-

अस्मान् = हामीहरू, विना = नभए, दिक्काल कथा = देश र काल (समय) को कुरा, क्व = कहाँ, भाति = प्रकाश हुन्छ र ? वयम् = हामीहरू, वपुश्चेद् = यदि शरीर नै भए, इह = यस संसारमा, दिक्काल लीला = देश र काल-को खेल (भवति = हुन्छ) क्वापि = कहीं स्थान विशेषमा मात्र, न भामः = प्रकाशित होइनौं । कदापि = कुनै वेला मात्र, न भामः = प्रकाशित छैनौं । वयन्तु = हामी ता, सर्वत्र = सबैतिर, र सदा च = सधै नै, भामः = प्रकाशित छौं ।

वाक्यार्थः-

हामीहरू नभए देश र कालको कुरा कहाँ प्रकाश हुन्छ र ? हामीहरू यदि शरीर नै भए यो संसारमा देश र कालको खेल हुन्छ (शरीर हाम्रो रूप होइन, हामी मूल रूपमा) स्थान विशेषमा मात्र र कुनै वेलामा मात्र प्रकाशित छैनौं । हामी ता सबैतिर, र सधैं नै चम्कन्छौं ।

सम्बन्धः-

विज्ञ र अज्ञमा रहेको भावात्मक फरक तलको श्लोकले दर्शाउँदछ-

१९

देहात्म भावे ज्ञ-जडौ समाना-
वेकस्य देहे हृदि दीप्त आत्मा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आक्रम्य देहञ्चजगच्चपूर्णः
परस्य मेयन्तनु मात्रमात्मा ।।

अन्वयः–

देहात्मभावे, ज्ञजडौ, समानौं (परन्तु) एकस्यदेहे, हृदि, आत्मा, दीप्तः (सन्) देहम्, जगच्च, आक्रम्य, पूर्णः (भवति) परस्य, मेयम्, तनुमात्रम्, आत्मा (मानयति)

शब्दार्थः–

देहात्मभावे = शरीर नै आत्मा हो भन्ने भावनामा, ज्ञजडौ = विद्वान् र मूर्ख, समानौ = बराबर छन् (परन्तु = तर) एकस्य = एक अर्थात् विद्वान्को, देहे = शरीरभित्र रहेको, हृदि = हृदयमा, आत्मा = आत्मा, दीप्तः (सन्) प्रज्वलित भएको छँदो, देहम् = शरीरलाई, र जगच्च = विश्वलाई पनि, आक्रम्य = ढाकेर, पूर्णः = पूर्ण अर्थात् सर्वात्मक (भवति = हुन्छ) परस्य = दोस्रो मूर्ख, मेयम् = नापिने (साडेतीन हाते) तनुमात्रम् = शरीरलाईमात्र, आत्मा = आत्मा (मानयति = मान्दछ)

वाक्यार्थः–

शरीर नै आत्मा हो भन्ने भावना लिएमा विद्वान् र मूर्ख बराबर छन् । तर विद्वान्को शरीर भित्र रहेको हृदयमा आत्मा प्रज्वलित भएको हुन्छ । त्यस प्रज्वलित आत्माले शरीर र विश्वलाई ढाकेर पूर्ण सर्वात्मक बन्दछ । दोस्रो मूर्ख नापिने साडे तीन हाते शरीरलाई मात्र आत्मा मान्दछ (विद्वान्को आत्मभाव सीमित रहन्न, मूर्ख साडे तीन हाते शरीरमा नै सीमित राख्तछ)

सम्बन्धः–

देहात्मभावमा विज्ञ र अज्ञ प्रति तुल्यता र भिन्नता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाएर समष्टि जगत् तर्फ यी दुवैको दृष्टिकोण देखाइन्छ–

२०

अज्ञस्य विज्ञस्य च विश्वमस्ति,
पूर्वस्य दृश्यं जगदेव सत्यम् ।
परस्य दृश्याश्रयभूत मेकं–
सत्यं प्रपूर्णं प्रविभात्यरूपम् ।।

अन्वय:–

अज्ञस्य, विश्वम्, अस्ति, विज्ञस्य च, विश्वम् (अस्ति, परन्तु) पूर्वस्य, दृश्यम्, जगदेव, सत्यम् (अस्ति) परस्य, दृश्याश्रयभूतम्, एकम्, अरूपम्, प्रपूर्णम्, सत्यम्, प्रविभाति ।

शब्दार्थ:–

अज्ञस्य = अज्ञानीको, विश्वम् = संसार, अस्ति = छ, विज्ञस्य च = विद्वान्को पनि, विश्वम् = संसार (अस्ति = छ, परन्तु = तर) पूर्वस्य = अज्ञानीको निम्ति, दृश्यम् = इन्द्रिय ग्राह्य अर्थात् आँखाले देखिने, जगदेव = संसार नै, सत्यम् = साँचो (अस्ति = छ) परस्य = विद्वान्को निम्ति, दृश्याश्रयभूतम् = नाम रूपात्मक जगत्को आधार भएको, एकम् = अद्वितीय, अरूपम् = रूप रहित, प्रपूर्णम् = सर्वव्यापक, सत्यम् = सद्रूप ब्रह्म, प्रविभाति = स्वयं प्रकाश छ ।

वाक्यार्थ:–

अज्ञानीको संसार छ । ज्ञानीको पनि संसार छ । तर अज्ञानीको निम्ति आँखाले देखिने संसार नै साँचो छ । विद्वान्को निम्ति नाम रूपात्मक जगत्को आधार भएको अद्वितीय, रूप रहित, सर्वव्यापक, सद्ब्रह्म स्वयं प्रकाश छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(मूर्ख जगत्लाई जगत् रूपले सत्य मान्दछ, विज्ञ जगत्लाई ब्रह्म रूपले सत्य ठान्दछ)

सम्बन्धः–

भाग्य र पुरुषार्थ सम्बन्धी विवाद अज्ञानीको लागि मात्र हो। उक्त भाग्य र पुरुषार्थको उद्गमस्थल जानेपछि ती दुवै छैनन् अर्थात् वाधक हुदैनन्, तलको श्लोकले यही स्पष्ट पार्दछ–

२१

विधेः प्रयत्नस्य च कोऽपिवाद–
स्तयो र्द्वयो र्मूल मजानतां स्यात्।
विधेः प्रयत्नस्य च मूल वस्तु–
संजानतां नैव विधिर्न यत्नः॥

अन्वयः–

विधेः प्रयत्नस्य च, कोऽपि वादः (अस्ति) तयोः, द्वयोः, मूलम् अजानताम्, स्यात्, विधेः, प्रयत्नस्य च, मूलवस्तु, सञ्जानताम्, विधिर्न, यत्नः, नैव।

शब्दार्थ –

विधेः = भाग्यको, र प्रयत्नस्य च = पुरुषार्थको पनि, कोऽपि = कुनै, वादः = वाद–विवाद (अस्ति = छ) तयोः = ती, द्वयोः = दुई भाग्य र पुरुषार्थको, मूलम्, = मूल स्थान ब्रह्मलाई, अजानताम = न जान्नेहरूको लागि मात्र, स्यात् = हुन सक्ला (परन्तु = तर) विधेः = भाग्यको र, प्रयत्नस्य च = पुरुषार्थको पनि, मूलवस्तु = मूलस्वरूपलाई, संजानताम् = राम्ररी जान्ने ब्रह्मविद्हरूको निम्ति, विधिर्न = भाग्य छैन, यत्नः = पुरुषार्थ पनि, नैव = छैन नै।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्यार्थः-

भाग्य र पुरुषार्थ सम्बन्धी कुनै वाद–विवाद तीं दुईको मूलस्थान ब्रह्मलाई नजान्नेहरूको मात्र हुन सक्ला। तर भाग्य र पुरुषार्थको मूल स्वरूपलाई राम्ररी जान्ने ब्रह्मविद्हरूको निम्ति भाग्य र पुरुषार्थ दुवै छैनन्।

सम्बन्धः-

आत्म ज्ञान केवल निष्ठा स्वरूप हो। निम्नश्लोकमा यही उल्लेख गरिएको छ–

२२

यदीशितुर्वीक्षण मीक्षितार–
मवीक्ष्य तन्मानसिके क्षणंस्यात्।
न द्रष्टुरन्यः परमोहि तस्य
वीक्षा स्वमूले प्रविलीयनिष्ठा॥

अन्वयः-

ईक्षितारम्, अवीक्ष्य, यत्, ईशितुः, वीक्षणम्, तद्, मानसिके क्षणम्, स्यात्, द्रष्टुः, अन्यः, परमः, नहि, स्वमूले, प्रविलीय, वीक्षा, तस्य, निष्ठा।

शब्दार्थः-

ईक्षितारम् = हेर्ने अर्थात् चित् स्वरूपलाई, अवीक्ष्य = नहेरेर, यत् = जुन, ईशितुः = ईश्वरको, वीक्षणम् = दर्शन हो, तद् = त्यो, मानसिके क्षणम् = मानसिक दर्शनमात्र, स्यात् = हो। द्रष्टुः = द्रष्टा (चिद्रूप) भन्दा, अन्यः = अर्को, परमः = परमेश्वर, नहि = निश्चय छैन। स्वमूले = मूलाश्रय ब्रह्ममा, प्रविलीय = आत्मालाई विलीन गराएर, वीक्ष्या = राम्ररी हेर्नु नै, तस्य = त्यो परमात्माको, निष्ठा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

= निष्ठा अर्थात् स्थिति हो ।

वाक्यार्थः-

हेर्ने चित् स्वरूपलाई नहेरेर जुन अन्य ईश्वरको दर्शन हो, त्यो मानसिक दर्शन हो । द्रष्टा चिद्रूप भन्दा अर्को परमेश्वर छैनन्, यो निश्चय हो । मूलाश्रय अर्थात् चिद्ब्रह्ममा आत्मालाई विलीन गराएर हेर्नु नै परमात्माको स्थिति हो ।

सम्बन्धः-

आत्म दर्शन र ईश्वर दर्शन सम्बन्धी रहस्य तलको श्लोकले खुलाउँछ-

२३

आत्मानमीक्षेत परंप्रपश्येदित्यागमोक्तेः सुलभो न भावः ।
नात्मैव दृश्यो यदिकाकथेशे,
स्वयं तदन्नीभवनं तदीक्षा ।।

अन्वयः-

आत्मानम्, ईष्येत, परम्, [च] प्रपश्येत्, इति, आगमोक्तेः, भावः, सुलभः, न, यदि, आत्मैव, दृश्यः, न, ईशे, काकथा, स्वयम्, तद्, अन्नीभवनम्, तद्, ईक्षा ।

शब्दार्थः-

आत्मानम् = आत्माको, ईक्षेत = दर्शन गरोस्, परम् = परमेश्वरको [च = पनि] प्रपश्येत् = दर्शन गरोस्, इति = यस्तो, आगमोक्तेः = शास्त्रका भनाइको, भावः = भाव [आशय] सुलभः = सजिलो, न छैन । यदि = यदि, आत्मैव = आत्मानै, दृश्यः = विषय रूपले देखिने, न = छैन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने, ईशे = ईश्वर दर्शन सम्बन्धी, काकथा = के कुरा ? स्वयम् = आफू [म] तद् = त्यो परमात्मामा, अन्नीभवनम् = विलीन [अन्न] भइदिनु अर्थात् आत्मसमर्पण गर्नु नै, तद् = त्यो परमात्माको, ईक्षा = दर्शन हो ।

वाक्यार्थः-

आत्माको दर्शन गरोस्, परमेश्वरको पनि दर्शन गरोस् । यस्तो शास्त्रको भनाइको भाव (तात्पर्य) सजिलो छैन । यदि आत्मा नै विषय रूपले देखिने होइन भने ईश्वर दर्शन सम्बन्धी कुरा नै के गर्ने ? (दर्शन शब्दको तात्पर्यलाई स्पष्ट पार्दै भन्दछन्) आफू त्यो परमात्मामा विलीन (अन्न झै) भइदिनु नै परमात्म दर्शन हो अर्थात् आत्म समर्पण नै आत्म दर्शन हो ।

सम्बन्धः-

आत्मदर्शन भन्दा ईश्वर दर्शन भिन्न नभएको कुरा तलको श्लोकले देखाउँदछ-

२४

धिये प्रकाशं परमो वितीर्य-
स्वयं धियोऽन्तःप्रविभाति गुप्तः ।
धियं परावर्त्य धियोऽन्तरेऽत्र
संयोजनान्नेश्वर दृष्टि रन्या ।।

अन्वयः-

परमः, धिये, प्रकाशम्, वितीर्य, स्वयम्, धियः, अन्तः, गुप्तः (सन्) प्रविभाति, धियम्, अन्तरे, परावर्त्य, अत्र, धियः, संयोजनाद्, अन्या, ईश्वर दृष्टिः, न ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दार्थ:-

परम: = ईश्वर, धिये = बुद्धिमा, प्रकाशम् = ज्योति, वितीर्य = फैलाएर, स्वयम् = आफू भने, धिय: = बुद्धिको, अन्त: = भित्री भागमा, गुप्त: (सन्) = लुकेकोछदो प्रविभाति = प्रज्वलित भैरहेकोछ। धियम् = बहिर्मुखी = बुद्धिलाई, अन्तरे = भित्र, परावर्त्य = फर्काएर अर्थात् अन्तर्मुखी गराएर, अत्र = मूलस्थान आत्मामा, धिय: = त्यही फर्किएको बुद्धिको, संयोजनाद् = संयोजन अर्थात् मिलाउनु भन्दा, अन्या = अर्को, ईश्वर दृष्टि: = ईश्वर दर्शन, न = छैन।

वाक्यार्थ:-

बुद्धिमा ज्योति फैलाएर ईश्वर स्वयं बुद्धिको भित्री भागमा गुप्त रूपले प्रज्वलित भैरहेकोछ। बहिर्मुखी बुद्धिलाई भित्र फर्काएर अर्थात् अन्तर्मुखी गराएर मूलस्थान आत्मामा बुद्धिको संयोजन (मिलान) गर्नु भन्दा अर्को ईश्वर दर्शन छैन।

सम्बन्ध:-

निद्रा र जागामा समान भावले रहने अहंभावको जन्मस्थललाई सूक्ष्म बुद्धिले खोज भन्दै तलको श्लोक उभिन्छ-

२५

न वक्तिदेहोऽहमिति प्रसुप्तौ-
न कोऽपि नाभूवमिति प्रवक्ति।
यत्रोदिते सर्वमुदेति तस्य
धियाऽहम: शोधय जन्मदेशम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वयः-

देहः, अहम्, इति, नवक्ति, प्रसुप्तौ, कोऽपि, नाभूवम्, इति (च) न प्रवक्ति, यत्र, उदिते (सति) सर्वम् उदेति, तस्य, अहमः, जन्मदेशम्, धिया, शोधय ।

शब्दार्थ -

देहः = शरीर, अहम् = म हुँ, इति = यस्तो, नवक्ति = भन्दैन । प्रसुप्तौ = गाढ निद्रामा, कोऽपि = कोही पनि, नाभूवम् = म भइँन अर्थात् म थिइँन, इति (च) = यस्तो पनि, न प्रवक्ति = भन्दैन । यत्र = जहाँ अहंभाव, उदिते (सति) = उदाए पछि, सर्वम् = सबै प्रपञ्च, उदेति = उदाउँदछ । तस्य = त्यो, अहमः = अहंकारको, जन्मदेशम् = जन्मस्थललाई, धिया = अन्तर्मुखीबुद्धिले, शोधय = खोज ।

वाक्यार्थः-

शरीर म हुँ भन्दैन । गाढ निद्रामा कोही पनि म थिइँन भन्दैन अर्थात् आफू नभएको भान हुदैन (शरीर भन्दा बेग्लै, निद्रा र जागामा समान भावको कुनै हुँ) त्यस कारण जहाँ अहंभाव उदाए पछि सबै प्रपञ्च उदाउँदछ । त्यो अहंकारको जन्मस्थललाई भित्र फर्केको मनसनो बुद्धिले खोज ।

सम्बन्धः-

शरीर जड हो- केही जान्दैन । सद्वस्तुको जन्म छैन । त्यसकारण व्यावहारिक ज्ञाता कुनै अर्को स्वीकार गर्नु पर्दछ-

२६

देहो न जानाति सतो न जन्म
देह प्रमाणोऽन्य उदेति मध्ये ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहंकृति ग्रन्थि विवन्धसूक्ष्म-
शरीर चेतो भव जीव नामा।।

अन्वयः-

देहः, न जानाति, सतः, जन्म न, मध्ये, देह प्रमाणः, अहंकृति ग्रन्थि विवन्ध सूक्ष्म शरीर चेतोभव जीवनामा, अन्यः उदेति।

शब्दार्थः-

देहः = शरीर (जडहुनाले) न जानाति = केही जान्दैन, सतः = चित्ब्रह्मको, न जन्म = जन्म छैन। मध्ये = यी दुई जड र चित्को बीचमा, देहप्रमाणः = शरीर अनुसारको, अहंकृति ग्रन्थि विवन्धसूक्ष्म शरीर चेतो भवजीव नामा = अहंकारको गाँठोको वन्धनमा रहेको सूक्ष्म शरीरको चित्तमा रहने जीवनामक अर्को अर्थात् जहाँ चेतन भन्दा वेग्लो कुनै, उदेति = उदाउँदछ।

वाक्यार्थः-

शरीर जड हुनाले केही जान्दैन। सद्ब्रह्मको जन्म छैन। जड शरीर र चिद्ब्रह्मको वीचमा शरीर अनुसारको जड र चेतन भन्दा वेग्लै खाले अहंकारको गाँठोको बन्धनमा रहेको सूक्ष्म शरीरको चित्तमा रहने जीवनामधारी कुनै उदाउँछ।

सम्बन्धः-

अहंकारको जगजगी तलको श्लोकले देखाउँदछ-

२७

रूपोद्भवो रूपतति प्रतिष्ठो-
रूपाशनो धूत गृहीत रूपः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं विरूपः स्वविचारकाले
धावत्यहंकार – पिशाच रूपः ।।

अन्वयः-

रूपोद्भवः, रूपतति प्रतिष्ठः, रूपाशनः, धूत गृहीतः रूपः, स्वयम्, विरूपः (एतादृशः) अहंकार–पिशाचः, स्वविचारकाले, धावति ।

शब्दार्थः-

रूपोद्भवः = रूपबाट उत्पन्न हुने, रूपतति प्रतिष्ठः = रूपको समूहमा रहने, रूपाशनः = रूपको भोजन गर्ने, धूतगृहीत रूपः = पुराना रूप छाडेर नयाँ-नयाँ रूप धारण गर्ने, स्वयम् = आफू, विरूपः = विना रूपको (एतादृशः = यस प्रकारको) अहंकार–पिशाचः = अहंकार रूपी पिशाच, स्वविचारकाले = आत्म विचार अर्थात् ब्रह्मचिन्तनको समयमा, धावति = बेतोडले भाग्दछ ।

वाक्यार्थः-

अहङ्काररूपी पिशाच रूपबाट जन्मिन्छ, रूपको समुदायमा स्थिति राख्छ । रूपको भोजन गर्दछ, आफू विना रूपको छ । यस प्रकारको हुँदा ब्रह्मविचारको समयमा बेतोडले भाग्दछ ।

सम्बन्धः-

जगत् अहं रूपात्मक हो । त्यो अहंकारलाई खोज्नु नै सबै माथि विजय गर्ने उपाय हो–

२८

भावेऽहमः सर्वमिदं विभाति–
लयेऽहमो नैव विभाति किञ्चित् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मादहं रूपमिदं समस्तम्–,
तन्मार्गणं सर्व–जयाय मार्गः ।।

अन्वयः-

अहमः, भावे, इदम्, सर्वम्, विभाति, अहमः, लये, किञ्चित्, विभाति, नैव, तस्माद्, इदम्, सर्वम्. अहंरूपम्, तन्मार्गणम्, सर्वजयाय, मार्गः ।

शब्दार्थः-

अहमः = अहंकारको, भावे = सत्तारहेसम्म, इदम् = यो, सर्वम् = दृश्यप्रपञ्च, विभाति = चम्कि रहन्छ । अहमः = अहंकारको, लये = विलयन पछि, किञ्चित् = केही पनि, विभाति नैव = चम्कदैन नै । तस्मात् = त्यसकारण, इदम् = यो, सर्वम् = सबै नाम रूपात्मक प्रपञ्च, अहंरूपम् = दृश्य रूपमात्र हो । तन्मार्गणम् = त्यस रूपात्मक अहंकारको खोजी गर्नु, सर्वजयाय = सबै आत्म चिन्तनमा बाधक तत्वलाई जित्नको निम्ति, मार्गः = बाटो हो ।

वाक्यार्थः-

अहंकार रहेसम्म यो सबै दृश्य प्रपञ्च चम्किरहन्छ । त्यो अहंकारको विलय पछि केही प्रतीति हुँदैन । त्यसकारण यो सबै नाम रूपात्मक प्रपञ्च अहंरूप अर्थात् दृश्य रूप मात्र हो । त्यस रूपात्मक अहंकारको खोजीगर्नु सबै आत्म चिन्तनमा बाधक तत्वलाई जित्नको निम्ति बाटो हो ।

सम्बन्धः-

खोज्न थाले पछि अहंकार नष्ट हुन्छ । त्यो अर्थात् अहंकार नभएको स्थिति नै सत्य स्थिति हो, निम्न श्लोकले यही दर्शाउँदछ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२६

सत्यास्थिति र्नाहमुदेति यत्र
तच्चोदय स्थान गवेषणेन ।
विना न नश्येत् यदि तन्ननश्येत्,
स्वात्मैक्य रूपा कथमस्तुनिष्ठा ।।

अन्वय:-

यत्र, अहम्, उदेति न (सा) स्थितिः, सत्या, तद्, उदयस्थान गवेषणेन, विना (अन्योपायेन) न नश्येत्, यदि, तद्, न नश्येत्, स्वात्मैक्य रूपा, निष्ठा च, कथम् अस्तु ।

शब्दार्थ:-

यत्र = जुन स्थितिमा, अहम् = अहंकार, उदेति न = उदाउँदैन (सा = त्यो) स्थितिः = स्थिति, सत्या = सत्य हो । तद् = त्यो अहंकारको, उदय स्थान गवेषणेन = उद्गम-स्थान खोजी गर्नु भन्दा, विना = बाहेक (अन्योपायेन = अर्को उपायले) न विनश्येत् = नाश नहोला । यदि = यदि, तद् = त्यो अहंकार, न नश्येत् = नाश भएन भने, स्वात्मैक्य रूपा = आत्मा र परमात्मामा अभेदात्मक, निष्ठा च = दृढता अर्थात् स्थिति पनि, कथम् = कसरी, अस्तु = होस् ।

वाक्यार्थ:-

जुन स्थितिमा अहंकार उदाउँदैन, त्यो स्थिति नै सत्य हो । उद्गम स्थानको खोजी गर्नु भन्दा बाहेक अरू उपायले अहंकारको नाश हुन नसक्ला । यदि अहंकारको नाश हुन सकेन भने, आत्मा र परमात्मामा अभेदात्मक निष्ठा पनि कसरी होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धः-

ब्रह्म प्राप्तिका विभिन्न उपायको उल्लेख पछि वाणी र श्वास–प्रश्वास समेतलाई रोकेर अहंकारको उद्गम स्थललाई खोज्ने सल्लाह तलको श्लोकले दिन्छ–

३०

कूपे यथा गाढजले तथान्त-
र्निमज्य बुद्धया शितया नितान्तम् ।
प्राणञ्च वाचञ्च नियम्य चिन्वन्,
विन्देन्निजाहं कृति मूलरूपम् ।।

अन्वयः-

गाढजले, कूपे, निमज्य (स्थितं वस्तु) यथा, चिन्वन्, प्राणञ्च, वाचञ्च, नियम्य, नितान्तम्, शितया, बुद्धया, अन्तः, निमज्य, निजाहंकृतिमूलरूपम्, चिन्वन्, विन्देत् ।

शब्दार्थः-

गाढजले = अगाध पानी भएको, कूपे = कूवा अर्थात् इनारमा, निमज्य = डुवुल्की लगाएर (स्थितं वस्तु = त्यहाँ रहेको चीज) यथा = जसरी, चिन्वन् = खोज्दै रहन्छ, तथा = त्यसै गरी, प्राणञ्च = श्वास–प्रश्वास, र वाचञ्च = वाणी पनि, नियम्य = रोकेर, नितान्तम् = ज्यादा, शितया = तीखो, बुद्धया = बुद्धिले, अन्तः = भित्री-तहमा, निमज्य = डुबेर, निजाहंकृति मूल रूपम् = आफ्नू अहं-कारको जरो सद् ब्रह्मलाई, चिन्वन् = खोज्दै, विन्देत् = प्राप्त गरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्यार्थ -

श्वास र वाणी रोक्तै गहिरो कूवामा डुवुल्की मारेर त्यहाँको चीज जसरी खोजिन्छ, त्यसै गरी श्वास र वाणीलाई रोकेर तीक्ष्ण बुद्धिले अन्तःतहमा डुवोस् । अनि आफ्नो अहंकारको मूल जरो सद्ब्रह्मलाई खोज्दै प्राप्त गरोस् ।

सम्बन्ध:-

श्वास र बोली रोकेर आन्तरिक कूवामा डुब्ने साधनको उपदेश दिएर अब मन नियन्त्रण गरी मूल स्थानको खोजी गर्ने उपाय तलको श्लोकले बताउँदछ-

३१

मौनेन मज्जन्मनसा स्वमूल-
चर्चैव सत्यात्म विचारणं स्यात् ।
एषोऽहमेतन्न मम स्वरूप-
मिति प्रमा सत्य विचारणाङ्गम् ।।

अन्वय:-

मौनेन, मनसा, मज्जन्, स्वमूल चर्चैव, सत्यात्म-विचारणम्, स्यात् एषः, अहम्, एतत्, मम, स्वरूपम्, न, इति, प्रमा, सत्यविचारणाङ्गम् (अस्ति)

शब्दार्थ:-

मौनेन = चूपरहेको अर्थात् अधीनमा रहेको, मनसा = मनद्वारा, मज्जन् = डुब्दै, स्वमूल चर्चैव = आफ्नू मूल स्वरूप ब्रह्मको विचार गर्नु नै, सत्यात्मविचारणम् = साँचो आत्म विचार, स्यात् = हो । एषः = यो आत्मा, अहम् = म हुँ, एतत् = यो शरीर, मम = मेरो, स्वरूपम् = आफ्नो रूप, न =

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होइन। इति = यस्तो, प्रमा = विशुद्ध ज्ञान, सत्य विचारणाङ्गम् = सत्य विचार अथवा आत्म बिचारको अङ्ग (अस्ति = हो)

वाक्यार्थः-

नियन्त्रित मनद्वारा भित्र डुब्दै आफ्नू मूलस्वरूप अर्थात् ब्रह्मको विचार गर्नु नै साँचो आत्मविचार हो। म आत्मा हुँ, यो शरीर मरो रूप होइन। यस प्रकारको बुद्धिहुनु अर्थात् यस्तो विशुद्ध ज्ञान आत्म ज्ञानको अङ्ग हो (शास्त्रीय ज्ञान आत्म ज्ञानको साधन मात्र हो, यथार्थ बोध होइन)

सम्बन्धः-

आत्मबोध पछि अहंकार नष्ट भएर विशुद्ध अहं-वृत्तिको स्फुरण हुने कुरा तलको श्लोकले दर्शाउँदछ-

३२

गवैषणात्प्राप्य हृदन्तरं त-
त्पतेदहन्ता परिभुग्नशीर्षा।
अथाह मन्यत्स्फुरति प्रकृष्टं-
नाहंकृतिस्तत् परमेव पूर्णम्॥

अन्वयः-

हृदन्तरम्, गवैषणात्, तत्, प्राप्य, परिभुग्नशीर्षा, अहन्ता, पतेत्, अथ, अन्यत्, प्रकृष्टम्, स्फुरति, अहंकृतिः, न, तद् (इदम्) पूर्णम्, परम्, एव, (अस्ति)

शब्दार्थः-

हृदन्तरम् = हृदय भित्र, गवेषणात् = खोजी गर्नाले, तद् = त्यो अहंकारको उद्गम स्थल ब्रह्मलाई, प्राप्य = भेट्टाए पछि, परिभुग्नशीर्षा = मुन्टो झुकेको अहंकार, पतेत् = ढल्ला अर्थात् स्वरूपमा विलीन हुनेछ। अथ = यसपछि, अन्यत् =

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को, प्रकृष्टम् = सर्वोत्तम, अहम् = अहम्, स्फुरति = फुर्दछ, अहंकृतिः = पिशाचरूपी अहंकार, न = यो होइन। तत् = त्यसकारण (इदम् = यो अहम्) पूर्णम् = परिपूर्ण, परमेव = परब्रह्म नै (अस्ति = हो)

वाक्यार्थः–

हृदयभित्र खोजी गर्नाले अहंकारको मूल जरो ब्रह्म भेट्टाएपछि, मुन्टो झुकेको अहम्भाव ढल्ने छ। त्यस पछि अर्को सर्वोत्तम अहम् फुर्नेछ। यो अहम् त्यो पिशाची अहंकार होइन। यो परिपूर्ण परब्रह्म नै हो।

सम्बन्धः–

ब्रह्म प्राप्त गरिसकेको जीवनमुक्तपुरुषको चर्चा हुन सक्तैन, तलको श्लोक यही भन्दछः–

३३

अहंकृतिं यो लसति ग्रसित्वा
किं तस्य कार्यं परिशिष्ट मस्ति।
किञ्चिद्विजानाति स नात्मनोऽन्य-
त्तस्यस्थितिं भावयितुं क्षमः कः॥

अन्वयः–

यः, अहंकृतिम्, ग्रसित्वा, लसति, तस्य, परिशिष्टम्, कार्यम्, किम्, अस्ति, सः, आत्मनः, अन्यत्, किञ्चित्, नविजानाति, तस्य, स्थितिम्, भावयितुम्, कः, क्षमः।

शब्दार्थ–

यः = जुनसाधक, अहंकृतिम् = अहंकारलाई, ग्रसित्वा = निलेर, लसति = प्रकाशितछ, तस्य = त्यसको लागि,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्टम् = बाँकी रहेको, कार्यम् = काम, किम् = के, अस्ति = छ ? सः = त्यो अहंकार विलीन भएको आत्मज्ञ-पुरुष, आत्मनः = आत्मा भन्दा, अन्यत् = दोस्रो, किञ्चित् = केही पनि, न विजानाति = जान्दैन, तस्य = त्यो महा-पुरुषको, स्थितिम् = स्थितिलाई, भावयितुम् = जान्न, कः = को बहिर्मुखी पुरुष, क्षमः = समर्थ हुन्छ ?

वाक्यार्थः-

जुन साधक अहंकारलाई निलेर प्रकाशित भइ-रहेकोछ, त्यस महापुरुषको काम के बाँकी रहन्छ र ? त्यो महात्मा आत्मा भन्दा बाहेक केही जान्दैन । त्यस्ता महा-पुरुषको स्थितिलाई अनुभव गर्न अर्थात् जान्न बहिर्मुखी वृत्ति भएको कुन व्यक्ति समर्थ हुन्छ ? अर्थात् हुँदैन ।

सम्बन्धः-

धेरै विचार गर्नु नै बुद्धिको दुर्बलता भएको कुरा तलको श्लोकले देखाएको छ-

३४

आह स्फुटं तत्त्वमसीति वेद-
स्तथाप्य संप्राप्य परात्मनिष्ठाम् ।
भूयो विचारो मति दुर्बलत्वं-
तत्सर्वदा स्वात्म तया हि भाति ।।

अन्वयः-

वेदः, स्फुटम्, तत्त्वमसि, इति, आह, तथापि, परमात्म-निष्ठाम्, असंप्राप्य, भूयः, विचारः, मतिदुर्बलत्वम्, तद्, सर्वदा, स्वात्मतया, भाति, हि ।

शब्दार्थः-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदः = वेद, स्फुटम् = स्पष्ट रूपले, तत्त्वमसि = त्यो सत्य आत्मा तिमी नै हौ, इति = यस्तो, आह = भन्दछ। तथापि = तैपनि, परमात्मनिष्ठाम् = परमात्मामा दृढ-स्थिति, अप्राप्य = नपाएर अर्थात् नभएर, भूयः = फेरि, विचारः = तत्त्वानुसन्धान सम्बन्धी विचार गर्नु, मति दुर्वल-त्वम् = बुद्धिको कमजोरी हो। तद् = त्यो ब्रह्म, सर्वदा = सधैं (तीनै कालमा) स्वात्मतया = आफ्नू आत्मरूपले, भाति = प्रकाशित भैरहेकोछ, हि = निश्चय हो।

वाक्यार्थः-

वेद स्पष्ट रूपले "तत्त्वमसि" यो महावाक्यद्वारा त्यो सत्य आत्मा तिमी हौ-भन्दछ। तैपनि परब्रह्ममा दृढ निष्ठा नभएर तत्त्वानुसन्धान सम्बन्धी विचार गर्नु मानसिक दुर्वलता हो। (किनकि) त्यो परब्रह्म तिनै कालमा आफ्नू आत्म रूपले प्रकाशित भइरहेकोछ, निश्चय हो।

सम्बन्धः-

आत्मा द्रष्टा हो, त्यो कहिल्यै दृश्य हुन नसक्ने विचार तलको श्लोकले स्पष्टचाएकोछ-

३५

न वेद्म्यहं मामुत वेद्म्यहंमा-
मिति प्रवादो मनुजस्य हास्यः।
दृक् दृश्य भेदात्किमयं द्विधात्मा
स्वात्मैकतायां हि धियां न भेदाः॥

अन्वयः-

अहम्, माम्, न वेद्मि, उत, अहम्, माम्, वेद्मि, इति, मनुजस्य, प्रवादः, हास्यः, दृक्-दृश्य भेदात्, अयम्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा, किम्, द्विधा, स्वात्मैकतायाम्, धियाम्, भेदाः, न हि।

शब्दार्थः-

अहम् = म, माम् = आफू (आत्मा) लाई, न वेद्मि = जान्दिन, उत = अथवा, अहम् = म, माम् = आफू (आत्मा) लाई वेद्मि = जान्दछु, इति = यस प्रकारको, मनुजस्य = मानिसको, प्रवादः = वैकल्पिक वाद-विवाद, हास्यः = हास्यास्पद हो। दृक् दृश्यभेदात् = देख्ने र देखिने (द्रष्टा र दृश्य) को भेदले, अयम् = यो, आत्मा = आत्मा, किम् = के, द्विधा = दुइ प्रकारकोछ ? स्वात्मैकतायाम् = जीवात्मा र परमात्माको एकत्व भएको, धियाम् = बुद्धिमा भेदाः = भेदहरू, न हि = निश्चय छैनन्।

वाक्यार्थः-

म आफूलाई जान्दिन अथवा आफूलाई जान्दछु। यस प्रकार मानिसहरूको वैकल्पिक वाद–विवाद हास्यास्पद हो। द्रष्टा र दृश्य अर्थात् देख्ने र देखिने फरकले यो आत्मा दुइ प्रकारको छ र ? अद्वैतबुद्धिमा भेदहरू निश्चय नै छैनन्।

सम्बन्धः-

सहज सिद्ध आत्मामा मानिसको निष्ठा नहुने कारण तलको श्लोकले दर्शाउँदछ–

३६

हृत्प्राप्य सद्धाम निज स्वरूपे
स्वभाव सिद्धे ऽनुपलभ्यनिष्ठाम्।
माया विलासः सदसत्सरूप–
विरूप नानैक मुख–प्रवादाः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वयः-

सद्धाम, हृत्प्राप्य, स्वभावसिद्धे, निज स्वरूपे, निष्ठाम्, अनुपलभ्य, सद सत्सरूप विरूप नामैक मुख प्रवादाः, माया विलासः ।

शब्दार्थः-

सद्धाम = सद्वस्तुको वासस्थान भएको, हृद्प्राप्य = हृदय पाएर, स्वभावसिद्धे = स्वभावसिद्ध, निजस्वरूपे = आफ्नू स्वरूप ब्रह्ममा, निष्ठाम् = दृढ स्थिति, अनुपलभ्य = नपाएर वा नलिएर, सदसत्सरूप विरूप नानैक मुखप्रवादाः = त्यो सत्छ अथवा असत्छ, सरूपछ अथवा विरूपछ, विभिन्न छ अथवा एक छ आदि विषयलाई प्रमुखता दिएर जो वाद-विवाद चल्दछन्, (ती विवादहरू) माया विलासः = माया-(अविद्या) को खेलबाड हो ।

वाक्यार्थः-

सद्वस्तुको वासस्थान भएको, हृदय पाएर पनि, स्वभावसिद्ध आफ्नू स्वरूप ब्रह्ममा दृढ स्थिति नलिएर त्यो सत् छ कि असत् छ, सरूप छ कि विरूप, एक छ कि अनेक छ ? आदि विषयलाई लिएर जुन विवाद चल्दछन्, ती विवादहरू मायाका खेलबाड हुन् ।

सम्बन्धः-

ब्रह्ममा दृढ स्थिति नहुनु मायाको खेल हो तापनि आत्म लाभ प्राप्त गरेका महापुरुषलाई मायाले केही गर्दिन-

३७

सिद्धस्य वित्तिः सत एव सिद्धिः
स्वप्नोपमानाः खलु सिद्धयोऽन्याः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वप्नःप्रबुद्धस्य कथं नु सत्यः ?
सति स्थितः किं पुनरेति मायाम् ।।

अन्वयः–

सिद्धस्य, सतः, वित्तिः, एव, सिद्धिः, खलु, अन्याः सिद्धयः, स्वप्नोपमा, प्रबुद्धस्य, स्वप्नः, कथम्, सत्यः, सति, स्थितः, मायाम्, पुनः, एति, किम् ?

शब्दार्थः–

सिद्धस्य = सदैव पूर्ण, सतः = सत्ब्रह्मको, वित्तिरेव = यथार्थ ज्ञान नै, सिद्धिः = सिद्धि हो । अन्याः = अरू अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व आदि गरिएका, सिद्धयः = सफलताहरू, खलु = निश्चय नै, स्वप्नोपमा = स्वप्नसमान हुन् । प्रबुद्धस्य = स्वप्नबाट व्यूँझेको पुरुषको लागि, स्वप्नः = सपना, कथम् = कसरी सत्यः = साँचो, नु – हुन्छ र ? सति = सत्य स्वरूपमा, स्थितः = रहेको जीवन मुक्त पुरुष, पुनः = फेरि, मायाम् = स्वरूपप्रति रोधिका मायालाई, किम् = के, एति = प्राप्त गर्छ र ?

वाक्यार्थः–

सदैव पूर्ण सत्स्वरूपको ज्ञान नै सिद्धि अर्थात् सफलता हो । अरू अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व आदि गरिएका सफलताहरू निश्चय नै सपनासमान हुन् । निद्राबाट व्यूँझेको मानिसलाई सपना कसरी साँचो हुन्छ र ? सत्स्वरूपमा रहेको जीवन मुक्त पुरुषले सत्स्वरूप प्रतिरोधिका मायालाई फेरि प्राप्त गर्छ र ? अर्थात् गर्दैन ।

सम्बन्धः–

देहात्म बुद्धि रहुञ्जेल शास्त्रीय विचार आत्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्तिमा सहायक हुने कुरा तलको श्लोकले व्यक्त गर्दछ–

३८

सोऽहंविचारो वपुरात्मभावे
साहाय्यकारी परमार्गणस्य ।
स्वात्मैक सिद्धौ स पुनर्निरर्थो–
यथा नरस्य प्रमितिर्नरस्य ।।

अन्वयः–

वपुरात्मभावे (सति), सोऽहम् (इदृशः) विचारः, पर-मार्गणस्य, साहाय्यकारी, सः, स्वात्मैक्य सिद्धौ, पुनः, नरस्य, नरत्वप्रमितिः, यथा, निरर्थकः (तथैव, सः, विचारः, निरर्थकः)

शब्दार्थः–

वपुरात्मभावे = देहात्मबुद्धि रहुञ्जेल, सोऽहम् = परमात्मा म हुँ (इदृशः = यस्तो) विचारः = शास्त्रीय मनन सम्बन्धी विचार, परमार्गणस्य = परब्रह्मको खोजी कायमा, साहाय्यकारी = सहयोगी नै हुन्छ । स्वात्मैक्य सिद्धौ = परमात्मा अद्वैत सिद्ध भएपछि, पुनः = फेरि, सः = त्यो सोऽहं विचार, नरस्य = मानिसको लागि, नरत्व प्रमितिः = मानिस पनको अर्थात् म मानिस हुँ, म मानिस हुँ भन्ने निश्चित ज्ञान, यथा = जस्तो, निरर्थकः = निरर्थक छ (तथैव = त्यस्तै, सः = सोहम्, विचारः = विचार पनि, निरर्थकः = बेकार छ)

वाक्यार्थः–

देहात्म बुद्धि रहुञ्जेल सोऽहं सम्बन्धी शास्त्रीय-विचार परब्रह्मको खोजीमा सहयोगी नै हुन्छ । त्यो विचार देहात्म बुद्धि हटेर परमात्मा अद्वितीय सिद्ध भएपछि फेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोऽहम्को विचार गर्नुता मानिसले म मानिस हुँ, म मानिस हुँ भनेर बोध गर्नु झैं बेकार हुन्छ ।

सम्बन्धः–

सत्यस्वरूपमा आत्मा सदैव अद्वितीय सिद्ध छ । दृष्टान्तद्वारा संझाइन्छ–

३९

द्वैतंविचारेपरमार्थबोधे–
त्वद्वैतमित्येषन साधुवादः ।
गवेषणात्प्राग्दशमे विनष्टे
पश्चाच्चलब्धे दशमत्वमेकम् ।

अन्वयः–

विचारे, द्वैतम्, परमार्थ बोधे तु, अद्वैतम्, इति, एषः, साधुवादः न, गवेषणात्, प्राक्, दशमे, विनष्टे, पश्चात्, लब्धे च, दशमत्वम्, एकम् ।

शब्दार्थः–

विचारे = विचारमा, द्वैतम् = द्वैत, परमार्थबोधे = परमात्माको बोधमा, अद्वैतम् = अद्वितीय, इति = यस प्रकारको, एषः = यो विवाद, साधुवादो न = राम्रो होइन । गवेषणात् = खोजी गर्नु भन्दा, प्राक् = पहिले, दशमे = दशौं संख्याको अर्थात् दशौं व्यक्ति, विनष्टे = हरायो भने, पश्चात् = पछि, लब्धे च = पाइएमा पनि, दशमत्वम् = दशौं संख्याको पूर्णत्व, एकम् = एक नै हुन्छ ।

वाक्यार्थः-

विचारको समयमा द्वैत । परमात्माको बोधमा अद्वैत । यस प्रकारको विवाद राम्रो होइन । किनकि–खोजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु भन्दा पहिले दशौं संख्याको अर्थात् दशौंवाँ व्यक्ति हरायो भने, भेटिए पछि पनि दशौं संख्याको पूर्णत्व एक नै हुन्छ।

सम्बन्ध.-

ब्रह्मलाई सदैव अद्वैत सिद्ध गरे पछि निम्न श्लोकमा कर्तापनको अभिमानलाई पूर्ण त्याग गर्नु नै मुक्ति भएको विचार व्यक्त गरिएको छ--

४०

करोमि कर्मेति नरो विजानन्
बाध्यो भवेत्कर्म फलञ्चभोक्तुम्।
विचार धूता हृदि कर्तृता चेत्
कर्मत्रयं नश्यति सैव मुक्तिः॥

अन्वयः-

नरः, कर्म, करोमि, इति, विजानन्, कर्म फलम्, भोक्तुञ्च, वाध्यः, भवेत्, हृदि, कर्तृता, विचार धूता, चेद्, कर्म त्रयम्, नश्यति, सैव, मुक्तिः।

शब्दार्थः-

नरः = मानिस, कर्म = कर्म, करोमि = गर्दछु (अहं-कर्ताऽस्मि = म कर्ता हुँ) इति = यस्तो, विजानन् = निश्चय गरेर नै, कर्मफलम् = कर्मफल, भोक्तुम् = भोग गर्न, वाध्यः = वाध्य, भवेत् = हुनु पर्दछ। हृदि = स्वरूपको वास स्थान हृदयमा, कर्तृता = कर्तापनको भ्रमलाई, विचारधूता = आत्म विचारले धोएकोछ, चेद् = भने, कर्मत्रयम् = सञ्चित, क्रियमाण र प्रारब्ध तीनै कर्म, नश्यति = नाश हुन्छन्। मुक्तिः = मुक्ति, सैव = त्यही नै हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्यार्थः-

म कर्म गर्दछु (म कर्ता हुँ) यस्तो अहंकार पूर्वक-को निश्चयले नै मानिसले कर्म फल भोग्न वाध्य हुनु पर्दछ। यदि स्वरूपको आवासस्थल हृदयमा कर्तापनको भ्रमलाई आत्मविचारले धोएकोछ भने सञ्चित, क्रियमाण र प्रारब्ध यी तिनै कर्म नाश हुन्छन्। मुक्ति भनेको त्यही हो।

सम्बन्धः-

मुक्तिको रूप देखाए पछि अब आत्मामा बन्धन, मुक्ति केही नभएको विषय तलको श्लोकले स्पष्टचाउँदछ-

४१

बन्धत्व-भावे सति मोक्ष चिन्ता
बन्धस्तु कस्येति विचारणेन।
सिद्धे स्वयं स्वात्मनि नित्य मुक्ते
क्व बन्ध चिन्ता क्व च मोक्ष चिन्ता॥

अन्वयः-

बन्धत्वभावे सति, मोक्ष चिन्ता (भवति) बन्धस्तु, कस्य ? इति, विचारणेन, नित्यमुक्ते, स्वात्मनि, वन्ध चिन्ता-क्व ?, मोक्ष चिन्ता च क्व ?

शब्दार्थः-

बन्धत्वभावे सति = बाँधिएको भान भएपछि, मोक्ष चिन्ता = छुट्ने चिन्ता (भवति = हुन्छ) बन्धस्तु = वन्धनता, कस्य = कसको हुन्छ ? इति = यस प्रकारको, विचारणेन = आध्यात्मिक विचारद्वारा (गर्दा) नित्यमुक्ते = तीनै कालमा मुक्त, स्वयं सिद्धे = स्वयं सिद्ध, स्वात्मनि = मूल स्वरूप ब्रह्ममा, बन्ध चिन्ता = बन्धनको फिक्री, क्व = कता ? र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्ष चिन्ता च = मोक्षको फिक्री पनि, क्व = कता ? अर्थात् हुन्न ।

वाक्यार्थः-

बाँधिएको भान भएपछि, छुट्ने फिक्री हुन्छ । बन्धन कसको हुन्छ ? यस प्रकारको आध्यात्मिक चिन्तन अर्थात विचार गर्दा तीनै कालमा मुक्त, स्वयं सिद्ध, मूल स्वरूप ब्रह्ममा बन्धनको फिक्री कता ? र मोक्षको फिक्री पनि कता ? अर्थात् हुन्न ।

सम्बन्धः-

आत्म ज्ञानको स्फुरण भएपछि चिन्ताको कुनै ठाउँ नरहने विषय दर्शाएर विविध मुक्ति भएपनि अहंकारको विनाश नै परमार्थ–मुक्ति हो भनी तलको श्लोकले सिध्द गर्दछ–

४२

रूपिण्यरूपिण्युभयात्मिका च
मुक्ति स्त्रिरूपेति विदो वदन्ति ।
इदं त्रयं या विविनक्त्यहंधी–
स्तस्याः प्रणाशः परमार्थ मुक्तिः ।।

अन्वयः–

रूपिणी, अरूपिणी, उभयात्मिका च, मुक्तिः, इति, त्रिरूपा, मुक्तिः, विदः, वदन्ति, (परन्तु) इदम्, त्रयम्, या, अहंधीः, विविनक्ति, तस्याः, प्रणाशः, परमार्थ–मुक्तिः ।

शब्दार्थः-

रूपिणी = शरीरसहित अर्थात् सरूप, अरूपिणी = शरीररहित अर्थात् विदेह, र उभयात्मिका च = सशरीर र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदेह दुवै स्थितिमा पनि हुने, इति = यस्ता, त्रिरूपा = तीन-प्रकारका, मुक्तिः = मुक्ति, विदः = विद्वान्हरू, वदन्ति = भन्दछन् (परन्तु = तर) इदम् = यो, त्रयम् = तीनथरी मुक्ति सम्बन्धी अवस्थालाई, या = जुन, अहंधीः = अहंकार बुद्धिले, विविनक्ति = विवेचना गर्दछ । तस्याः = त्यो अहं (म) बुद्धि को, प्रणाशः = पूर्ण विनाश नै, परमार्थ-मुक्तिः = परमार्थ मुक्ति हो ।

वाक्यार्थः-

सरूप, विदेह र दुवैं प्रकारको अर्थात् रूप अरूप दुबै स्थितिमा हुने यस्तो तीन प्रकारको मुक्ति विद्वान्हरू बताउँदछन् । तर यो तिनै थरी मुक्तिलाई जुन अहं बुद्धिले विवेचना गर्दछ । त्यही बुद्धिको पूर्ण विनाश नै परमार्थ-मुक्ति हो ।

सम्बन्धः-

ग्रन्थको विषय वस्तु समाप्ति पछि वासिष्ठ मुनिबाट ग्रन्थानुवाद भएको प्रसङ्ग उल्लेखछ-

४३

सद्दर्शनं द्राविडवाङ् निबद्धं-
महर्षिणा श्री रमणेन शुद्धम् ।
प्रबन्ध मुत्कृष्ट ममर्त्य वाण्या-
मनूद्य वासिष्ठ मुनिर्व्यतानीत् ।।

अन्वयः-

महर्षिणा, श्रीरमणेन, शुद्धम्, द्राविडवाङ् निबद्धम्, उत्कृष्टम्, सद्दर्शनम्, प्रबन्धम्, वासिष्ठ-मुनिना, अमर्त्य-वाण्याम्, अनूद्य, व्यतानीत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दार्थः–

महर्षिणा = महर्षि, श्रीरमणेन = श्रीरमणले अर्थात् रमण महर्षिले, शुद्धम् = शुद्ध, द्राविडवाङ्निबद्धम् = द्राविड-भाषामा लेखिएको, उत्कृष्टम् = अत्युत्तम, सद् दर्शनम् = सद्दर्शन नाम गरिएको, प्रबन्धम् = ग्रन्थलाई, वासिष्ठ मुनिना = वासिष्ठमुनिले, अमर्त्यवाण्याम् = देववाणी अर्थात् संस्कृत भाषामा, अनूद्य = अनुवाद गरेर, व्यतानीत् = फैलाए ।

वाक्यार्थः–

श्री रमण महर्षिद्वारा शुद्ध द्रविड भाषामा लेखिएको अत्युत्तम सद् दर्शन नामकग्रन्थलाई वासिष्ठ मुनिले देववाणी अर्थात् संस्कृत भाषामा अनुवाद गरेर फैलाए ।

सम्बन्धः–

रमण महर्षिको ज्ञानात्मक भित्तोले वासिष्ठ मुनिको भाषा प्रकाशित भएको विषय उल्लेख छ–

४४

सत्तत्त्व सारं सरलं दधाना
मुमुक्षुलोकाय मुदं ददाना ।
अमानुषश्री रमणीय वाणी–
मयूख भित्तिर्मुनि वाग् विभाति ।।

अन्वयः–

सत्तत्त्वसारम्, सरलम्, दधाना, मुमुक्षुलोकाय, मुदम्, ददाना, अमानुषश्रीरमणीयवाणीमयूखभित्तिः, मुनि-वाक्, विभाति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दार्थः-

सद्तत्त्वसारम् = ब्रह्मज्ञान सम्बन्धी विद्याको सार तत्वलाई, सरलम् = सजिलोसँग, दधाना = धारणगर्ने, मुमुक्षु-लोकाय = मुक्ति चाहना गर्ने जनसमुदायलाई, मुदम् = आनन्द ददाना = प्रदान गर्ने, अमानुष श्रीरमणीयवाणीमयूखभित्तिः = महर्षि रमणको अलौकिक सुन्दरवाणीरूपीकिरणको भित्तोले, मुनिवाक् = वासिष्ठ मुनिको वाणी, विभाति = बढी चम्किन्छ ।

वाक्यार्थः-

ब्रह्मज्ञान सम्बन्धी विद्याको सारतत्वलाई धारणा गर्ने, मुक्तिको चाहना गर्ने मानव समुदायलाई आनन्दप्रदान गर्ने, श्री रमण महर्षिको अलौकिक सुन्दर वाणी रूपी किरण-को भित्तोले वासिष्ठ मुनिको वाणी अत्यधिक चम्कन्छ ।

यथामति समाप्तः

कृष्णार्पण मस्तु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

A 353

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal